नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२


यहाँ शुद्ध खसी र कुखुराको
मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com


NITCO
TILES MARBLE MOSAICO

Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ पुस ०१ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 December 16 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ११०

## रासायनिक मल अभाव भएपछि कम्पोस्ट मलको प्रयोग बढ्दो

ओमप्रकाश चौधरी, नरेश यादव, २९ मङ्सिर/

किसानहरूले रासायनिक मल उपलब्ध हुन कठिन भएपछि कम्पोस्ट मलको प्रयोग गर्न शुरू गरेका छन् ।



पर्सागढीको एउटा गाउँनजीकै थुपारिएको कम्पोस्ट मल । तस्वीरः प्रतीक

रासायनिक मलका कारण कम्पोस्ट मलको न्यूनतम प्रयोग भइरहेको पर्सा जिल्लाको थरुहट क्षेत्रमा अहिले किसानहरूले कम्पोस्ट मलको प्रयोग बढाएका छन् ।

तुलनात्मकरूपमा रासायनिक मलभन्दा कम्पोस्ट मल सस्तो भएपनि पछिल्लो चरणमा रासायनिक मलको प्रयोग बढेको थियो । रासायनिक मलको प्रयोग सहज र सरल भएको कारण किसानहरूले रासायनिक मलको प्रयोग गर्दै आएका थिए । अहिले रासायनिक मल आवश्यक भएको बेलामा अभाव झेलेपछि उनीहरूको आकर्षण कम्पोस्ट मलतर्फ बढेको हो ।

कम्पोस्ट मलको प्रयोग बढेसँगै यसको मूल्य पनि बढेको छ । रु १५ सय प्रतिटयाक्टर पाइने कम्पोस्ट मल अहिले रु ३ हजारदेखि ३ हजार ५ सय पुगेको छ । एक टयाक्टर कम्पोस्ट मल बढीमा पाँच कट्ठा क्षेत्रफललाई पुग्छ । यसैको तुलनामा रासायनिक मल अहिले मकै, गहुँ, दलहन, तेलहनमा प्रतिकट्ठा युरिया तीन किलो, डिएपी दुई किलो, पोटास १ किलो प्रयोग हुने गरेको छ ।

थरुहट क्षेत्रका केही ठाउँमा आर्गेनिक मलको पनि प्रयोग भइरहेको छ । यसका साथै किसानहरूले खेतमा रहेका परालमा आगो लगाएर मल बनाउने गरेका छन् । जीराभवानी, सखुवाप्रसौनी, पटेर्वासुगौली, जगरनाथपुरमा कम्पोस्ट र आर्गेनिक मलको प्रयोग भइरहेको छ भने पर्सागढी, बहुदरमाई र वीरगंज महानगरका केही क्षेत्रमा कम्पोस्ट मलको प्रयोग बढेको छ । थरुहट क्षेत्रमा पशुपालन गर्नेको सङ्ख्या घटेकाले कम्पोस्ट मलको प्रयोग न्यून मात्रामा भइरहेको छ तर पर्सागढी, बहुदरमाई, वीरगंज महानगरका केही क्षेत्रमा भने पशुपालन पूर्ववत्‌रूपमा भएका कारण कम्पोस्ट मलको प्रयोग बढेको हो ।

पर्सागढी नगरपालिका–४ का आबिद अन्सारीले रासायनिक मल आवश्यक भएको बेलामा सहज उपलब्ध नहुँदा आफूले लगाएको मकै र आलु खेतीमा कम्पोस्ट मलको प्रयोग गरेको बताए । अर्का किसान रामबाबू चौरसियाले पनि रासायनिक मलको उपलब्धता सहज नभएको, महँगोमा खरीद गर्नुपर्ने तथा खरीद गरेको रासायनिक मल पनि नक्कली हुने गरेका कारण अहिले कम्पोस्ट मलतर्फ आकर्षित भएको बताए । यस वर्ष मकै र आलु खेतीमा उनले कम्पोस्ट मलकै प्रयोग गरेका छन् ।

रासायनिक मल कृषिबालीमा तीनपटक प्रयोग गर्दा महँगो पर्ने तर कम्पोस्ट मल एकपटक प्रयोग गर्दा सस्तो हुने गरेको किसानहरू बताउँछन् । यसैगरी, रासायनिक मलको तुलनामा कम्पोस्ट मल बढी लाभदायक हुने भएपनि यसको उपलब्धता गाईवस्तु नपाल्नेहरूको लागि असहज भएपछि रासायनिक मलको प्रयोग बढेको हो । अहिले गहुँ छर्ने बेलामा रासायनिक मल अभाव भएपछि जीराभवानी गापाले आठ सय बोरा प्राङ्गारिक मल किसानहरूलाई उपलब्ध गराएको कृषि शाखा प्रमुख बृजेश साहले बताए । उनले रासायनिक मल नपाएका किसानले प्रतिकट्ठा एक बोरा (२५ किलो) प्राङ्गारिक मल प्रयोग गर्न सुझाव दिएका छन् ।

## इनर्वा चेकपोस्टमा स्वास्थ्य परीक्षण फितलो

प्रस, वीरगंज, २९ मङ्सिर/

पर्सा जिल्लाको वीरगंज–रक्सौल नाकामा मात्रै राखिएको स्वास्थ्य परीक्षण शिविर पनि देखावटी भएको पाइएको बजेसम्म मात्र सरकारी समयमा स्वास्थ्य परीक्षण हुने गरेको पाइएको छ ।

त्यस अघि र पछि यो नाकाबाट सहजरूपमा विनाचेकजाँच आवतजावत

रक्सौल–वीरगंज नाका राति १० देखि बिहान ४ बजेसम्म बन्द गरिन्छ तर स्वास्थ्य परीक्षण भने बिहान १० देखि साँझ ५ बजेसम्म मात्र हुने गरेको छ । यो



शङ्कराचार्यद्वारमा रहेको चेकजाँच शिविर । तस्वीरः फाइल

छ ।

कोरोनाको पाँचौं भेरियन्टको रूपमा देखा परेको ओमिक्रोन छिमेकी मुलुक भारतका आठवटा राज्यमा भित्रिएको र इङ्गल्यान्डमा पहिलोपटक यो भेरियन्टबाट एकजनाको मृत्यु भएको खबर आउनु अघि नै विपद् व्यवस्थापन समितिले शङ्कराचार्यद्वारमा मङ्सिर १७ गतेदेखि स्वास्थ्य परीक्षण शुरू गरेको थियो ।

सो परीक्षण अहिले पनि जारी छ तर दिनभरि मात्रै परीक्षण भइरहेको पाइएको छ । बिहान १० देखि साँझ ५ भइरहेको छ । विपद् व्यवस्थापन समितिको बैठकमा जिल्ला स्वास्थ्य कार्यालय, पर्साले भारतबाट आउने सबैथरीका मानिसको स्वास्थ्य परीक्षण गर्न सम्भव नभएको भन्दै बस र रेल यात्रा गरेर आउनेहरूको मात्रै स्वास्थ्य परीक्षण भइरहेको जानकारी गराएको थियो । रक्सौल–वीरगंजमा दैनिक हजारौं व्यक्तिको आवागमन हुने गरेकामा यस्तोमा शङ्कास्पद व्यक्तिलाई लक्षित गरेर चेकजाँच भइरहँदा पनि चौबीसैं घण्टा सेवा सुचारु नहुँदा सङ्क्रमण फैलिन सक्ने आशङ्का गरिँदैछ ।

अवधिमा बिहान ४ देखि १० बजेसम्म ६ घण्टा र साँझ ५ देखि राति १० बजेसम्म ५ घण्टा भारतबाट आउनेहरूको परीक्षण हुँदैन । वीरगंजको मुख्य द्वारमा स्वास्थ्य परीक्षणको व्यवस्था गरिए पनि यसको अवस्था नाजुक छ । विपद् व्यवस्थापन समितिले खुला सीमाका कारण जिल्लाका अन्य नाकाहरूमा स्वास्थ्य परीक्षण गर्न सकेको छैन । एकीकृत सुरक्षा जाँच चौकीबाट दैनिक हजारौं ट्रक नेपाल भित्रिने गर्छ । त्यसमा सवारी चालक, सहचालकहरूको स्वास्थ्य परीक्षण गर्ने गरिएको छैन ।

## जातीय व्यवस्था व्यावहारिकरूपमा निर्मूल भएन –विश्वकर्मा

प्रस, वीरगंज, २९ मङ्सिर/

प्रदेश २ का प्रदेशसभा सदस्य एवं एकीकृत समाजवादी पार्टीका संसदीय दलका नेता सुन्दर विश्वकर्माले राजतन्त्र



कार्यालयको उद्‌घाटन गर्दै प्रदेशसभा सदस्य विश्वकर्मा । तस्वीरः प्रतीक

अन्त्य भएपनि समाजबाट जातीय व्यवस्था व्यावहारिकरूपमा निर्मूल हुन नसकेको बताएका छन् ।

राष्ट्रिय दलित पत्रकार सङ्घ, पर्साको वीरगंजमा कार्यालय उद्‌घाटन गर्दै बुधवार उनले जनतन्त्र राजतन्त्रभन्दा पनि उँधोगामी रहेकोले अहिले पनि व्यावहारिकरूपमा जातीय व्यवस्था निर्मूल हुन नसकेको भन्दै दलित समुदाय उपेक्षामा पर्दै आएको बताए । उनले विभेदको स्वरूप बदलिएर अहिले सम्मानपूर्वक विभेद गर्ने गरिएको बताए ।

जिल्ला प्रशासन कार्यालय, पर्साका सूचना अधिकृत सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले दलितको सहभागिता बढाउन सरकारले प्रशासनमा आरक्षणको व्यवस्था गरेको जिकिर गरे । उनले समयको विकाससँगै मानिसको मानसिकता पनि विकासको क्रममा रहेको हुँदा बिस्तारै जातीय व्यवस्था व्यावहारिकरूपमा अन्त्य हुने विश्वास व्यक्त गरे ।

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्ताले जातीय विभेदविरुद्ध जनता जागरूक हुनुपर्ने तर्क गरे । समाजको तीतो यथार्थविरुद्ध दलितको आवाजलाई दलित पत्रकारले नै उठाउनुपर्नेमा जोड दिए ।

नेकपा एकीकृत समाजवादी पार्टी, पर्साका अध्यक्ष बालगोपाल थापाले मानसिकतामा परिवर्तन नआएसम्म जातीय विभेद अन्त्य नहुने बताए ।

नेकपा माओवादी, वीरगंज महानगरका अध्यक्ष रहबर अन्सारीले पहुँचमा पुगेका दलितहरूकै कारण दलित समुदायको उत्थान हुन नसकेको जिकिर गरे । बाहिर समानताका कुरा गर्ने जनप्रतिनिधि, राजनीति दलका नेता, कार्यकर्ताहरूबाटै समाजमा छुवाछूत, जातीय विभेद भइरहेकाले परिवर्तनको आभास हुन नसकेको आरोप लगाए ।

जनता समाजवादी पार्टी, पर्साका सचिव तबरेज अहमदले देशमा जातीय विभेदविरुद्ध बहस चलाउनुपर्ने बताए । समानता र समावेशिताको विषयमा जसपाले आवाज उठाउँदै आएको र दलितहरूलाई अवसर प्रदान गर्दै आएको उनले दाबी गरे ।

नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य केसी लामिछानेले परिवर्तनको सुरुआत आफैंबाट गर्नुपर्ने सुझाए । उनले अरूको आवाज उठाउने पत्रकारहरू आफैं कुन अवस्थाबाट गुज्रिरहेका छन् भन्ने सोच्नुपर्ने विषय भएको बताउँदै अहिले पनि ठूला मिडियामा काम गर्ने पत्रकारहरू न्यूनतम पारिश्रमिकबाट वञ्चित भइरहेकामा चिन्ता व्यक्त गरे ।

राष्ट्रिय दलित पत्रकार सङ्घका अध्यक्ष श्याम पासवानको अध्यक्षतामा भएको कार्यालय उद्‌घाटन समारोहमा प्रहरी उपरीक्षक रमेशकुमार बस्नेत, सशस्त्र प्रहरी नायब उपरीक्षक सन्तोषकुमार बस्नेत, नेपाल पत्रकार महासङ्घ, प्रदेश महासचिव श्याम बन्जारा, राष्ट्रिय दलित आयोगका पूर्व सदस्य गया हजरा पासवान, माओवादी केन्द्रका रामबाबू बैठा, राष्ट्रिय दलित पत्रकार सङ्घकी प्रदेश कोषाध्यक्ष सावित्री शर्मालगायतको सहभागिता थियो । कार्यक्रममा सङ्घका सल्लाहकार बृजकिशोर पासवानले स्वागत र सचिव सूर्यनारायण विश्वकर्माले सहजीकरण गरेका थिए ।

## महानगरद्वारा १२५ शिक्षकको सरुवा, १० जना माविका प्रअ

प्रस, परवानीपुर, २९ मङ्सिर/

वीरगंज महानगरपालिकाको शिक्षा करीब सवा सयजना शिक्षकको सरुवा तथा पदस्थापन गरेको छ ।




तस्वीरः फाइल

समितिले महानगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयका जसमध्ये सयजना सामान्य शिक्षक रहेका छन् भने २५ जना प्रावि, निमावि र माविका प्रधानाध्यापक रहेको बताइएको छ । शिक्षा समितिको मङ्गलवार र बुधवार बसेको बैठकले विभिन्न उद्देश्यपूर्तिका लागि ठूलो सङ्ख्यामा शिक्षक सरुवा गरेको बैठकमा सहभागी एकजना सदस्यले जानकारी गराए । सुखचैना माविका प्रअ राजकुमार सिंहलाई द्वारदेवी मावि, अलौं, अलौं माविका प्रअ राजु मालीलाई कोनिया मावि, कोनिया माविका प्रअ दयाकान्त झालाई शारदा मावि, बहुअरीमा, शारदा माविका प्रअ रामनारायण मिश्रलाई सुखचैना माविमा, सिद्धार्थ माविका प्रअ राजेश्वर पाण्डेलाई बगही माविमा, बगही माविका प्रअ अरविन्दलाल कर्णलाई पन्नालाल माविमा, पन्नालाल माविका प्रअ मनोजकुमार चौहानलाई सुरजीदेवी माविमा, सुरजीदेवी माविका प्रअ नवीन मिश्रलाई श्रीपुर विद्यापीठमा र श्रीपुर विद्यापीठका प्रअ अनिल वर्णवाललाई सिद्धार्थ माविमा सरुवा गरिएको छ ।

माईस्थान विद्यापीठ, नगवा, त्रिभुवन हनुमान, कन्या, त्रिजुद्धलगायत विद्यालयका प्रअको सरुवा गरिएको छैन । माईस्थान विद्यापीठमा दरबन्दी रहेर महानगरमा सम्पर्क व्यक्ति तथा समन्वयकर्ताको भूमिकामा रहेका दिनेश चौरसियालाई सहायक प्रअको जिम्मेवारी दिइएको छ भने जगरनाथपुर निमाविका रामजी सुमन, लालपर्सा निमाविका रामजी चौहान र बेलवा निमाविका हासिम अन्सारी गरी तीनजनालाई प्रअबाट हटाएर शिक्षकको जिम्मेवारी दिइएको बताइएको छ ।

विद्यालयको शिक्षण सिकाइ तथा वातावरण सुधारमा प्रभावकारी भूमिका निर्वाह नगरेका शिक्षक तथा प्रअलाई दण्डित गर्दै वीरगंजभन्दा टाढाका विद्यालय पठाइएको छ भने राम्रा शिक्षकहरूलाई प्रोत्साहनस्वरूप टाढाबाट नजीकका विद्यालयमा सरुवा गरिएको बताइएको छ । सुखचैना माविमा भएको विवादका कारण प्रअसहित आठजनालाई सरुवा गरिएको र उनीहरूको ठाउँबाट शिक्षक, कर्मचारीको पनि सरुवा गरिएको बुझिएको छ । सुखचैनाका प्रअ सिंहसहित

(बाँकी अन्तिम पातामा)

आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## विचारसार एवं सूक्तिहरू

**आवश्यकताभन्दा बढी सोचले मानिसको खुशी खोसिलिन्छ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## कृषि क्षेत्र

**'कृषिप्रधान देश नेपाल' नारा पुरानो हो । नेपाली राजनीतिमा क्रियाशील प्रायः सबैलाई यो नारा कण्ठस्थै हुनुपर्छ । मुलुकमा करीब ७० प्रतिशत जनसङ्ख्या कृषिमा निर्भर छ। सोमध्ये झन्डै ७५ प्रतिशतले जीवननिर्वाहकै लागि मात्रै कृषि पेशा अपनाएका छन् । सोमध्ये कृषि पेशालाई व्यावसायिक बनाउनेको सङ्ख्या भने २५ प्रतिशतभन्दा कम छ । यो तथ्याङ्कले कृषिको व्यावसायिकता कमजोर रहेको देखाउँछ । कृषिलाई व्यावसायको रूपमा अँगाल्नुपर्छ भन्ने सोच युवा पुस्तामा अभाव छ। केही युवा व्यावसायिक बन्न खोजे पनि थोरै समयपछि पलायन हुने गरेका छन्। यसका कारणहरू धेरै छन्। कृषि उपजको बजार अभाव, उत्पादन, ढुवानी तथा यातायातमा समस्या, कृषि मजदूर अभाव, बालीको समयमा उन्नत बीउ, गुणस्तरीय मल र सिंचाइ, दक्ष प्राविधिकको अभावलगायतका समस्याहरू छन् । उक्त समस्याहरू प्रायः कृषि क्षेत्रप्रति सरकारी उदासीनताका कारण सिर्जित हुन् ।**

**बजारमा हाम्रै कृषकले उत्पादन गर्ने किसिमका वस्तु पाइन्छ। तर नेपाली उत्पादनभन्दा पनि बजार छिमेकी मुलुक भारत, चीनसहित तेस्रो देशबाट आयात गरिएका कृषिजन्य वस्तु बिक्री भइरहेका छन् । नेपाली उत्पादन बजारसम्म नआइपुगेकाले विदेशी उत्पादन बिक्री गर्नुपरेको विक्रेताहरूको भनाइ छ । नेपाली कृषकले उत्पादन गरेका वस्तु समयमा बजार आइनपुग्नुको मुख्य कारण पहुँचको अभाव हो। नेपाली उत्पादनले बजार नपाएको समाचार धेरै आउँछन्। त्यसैगरी, मूल्य नपाउँदा गाउँका कृषकले दूध सडकमा पोखेको, गोलभेंडा बाटोमा फालेको, मकै कुहिएका घटनाहरू धेरै छन्। यसरी बजार नपाएको, मूल्य नपाएको कृषि उत्पादनको मूल्य भने हाम्रै शहरबजारमा छोइसक्नु छैन। बाहिरी मुलुकबाट आयातित कृषि उपजले बजार ढाकेको र सोही वस्तु उपभोक्ताले खरीद गर्दा महँगो परेको हो। ढुवानी अभावसँगै यहाँ बिचौलियाहरूको सिन्डीकेट छ। उपभोक्तालाई जतिसुकै महँगो परे पनि बिचौलियाहरूलाई विदेशी उत्पादन आयात गर्दा नै बढी फाइदा छ। यस कारण पनि बिचौलियाहरू स्वदेशी कृषकलाई सकभर बजारसँग जोड्न चाहँदैनन्। बजारसम्म कृषकको पहुँच भएमा उत्पादक र उपभोक्ता जोडिन्छ भन्ने ठूलो पीर बिचौलियाहरूलाई छ । धेरै फाइदाका लागि उनीहरूले कृषकलाई अति न्यून मूल्य दिने हुँदा कृषि उत्पादन सडकमा फ्याँक्नुपरेको हो ।**

**माफिया तथा बिचौलियाहरूका लागि नेपाली उत्पादनभन्दा विदेशी उत्पादन सस्तो पर्ने तर मूल्य भने बढी पाउने भएकाले उनीहरूको प्रयास विदेशी उत्पादनमा नै केन्द्रित छ । हाम्रो कृषिमा मेशिन उपकरणभन्दा जनश्रमकै भर छ। यसले गर्दा लगानी महँगो पर्ने एकातर्फ छ भने मल, बीउ, सिंचाइ एवं कृषि प्राविधिक पर्याप्त मात्रामा उपलब्ध नहुँदा त्यसतर्फ पनि कृषककै लगानी छ । अतः अन्य मुलुकमा कृषकले पाउने सेवा, सुविधा एवं सहुलियत हाम्रो मुलुकका कृषकले नपाएकै कारण बिचौलियाले चाहेको दरमा कृषकले उत्पादन दिन नसकेको हो । कृषकलाई उत्पादक भूमिकामा मात्रै राखेर आवश्यक सम्पूर्ण प्रबन्ध सरकारले मिलाइदिने हो भने हाम्रो कृषि क्षेत्रले विदेशीसँग सहजै प्रतिस्पर्धा गर्न सक्छ। मुलुकमा स्वरोजगारका लागि कृषिले ठूलो टेवा पुऱ्याउनुका साथै स्वदेशी मुद्रा विदेशिनबाट रोकेर व्यापार घाटा कम गर्न सकिन्छ । कुल गार्हस्थ उत्पादनमा कृषिको प्रतिशत जति बढाउन सके उति नै मुलुकको आत्मनिर्भरता र स्वाभिमान उँचो हुने हो ।**

# विद्यालय तहमा आवासीय शिक्षा : एक बहस

## स्वतन्त्र विचार




सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


**समाज भन्नु सबै विविधताको सङ्गम हो । विविधताबीच बाँच्न सिकेको, हुर्केको तथा विविधतालाई नजीकबाट नियालेको, धेरै किसिमका कार्यमा संलग्न भएका बालबालिकाभन्दा सानैदेखि होस्टलमा बसेर पढाइ गरेका बालबालिकामा समावेशिता कम हुन्छ ।**

अहिले समय आवासीय शिक्षा उन्मुख छ । यहाँ आवासीय शिक्षा भन्नाले चलनचल्तीको भाषामा बोर्डिङ शिक्षा भनेर बुझिन्छ तर सबै बोर्डिङ आवासीय हुँदैन । सोझो अर्थमा जहाँ बोर्डर्स हुन्छ, त्यो बोर्डिङ हो। जहाँ आवासीय सुविधा उपलब्ध हुन्छ, त्यो आवासीय विद्यालय हो। यहाँ आवासीय विद्यालयको कुरामात्र गरिएको हो। विद्यालय तहमा आवासीय सुविधा वर्तमान परिवेशमा कत्तिको उचित छ भन्ने विषयमा एउटा सामान्य बहस चलाउन खोजिएको हो। आवासीय विद्यालयले भोलिको कर्णधार कस्तो उत्पादन गरिरहेको छ भन्ने विषयमा थोरै भए पनि विचार पुऱ्याउनु आवश्यक लागेको छ।

मैले धेरै राम्ररी चिनेका एकजना प्रतिष्ठित व्यक्तिका दुई छोरा छन्। दुवै छोरा अहिले कक्षा बाह्र उत्तीर्ण गरेका छन् । उमेरले दुई वर्षको फरक भए पनि एकजना अहिले भर्खर बाह्र कक्षा उत्तीर्ण गरेका छन् भने अर्का चाहिं गत वर्ष उत्तीर्ण गरेका हुन्। घरभन्दा टाढा होस्टलमा बसेर दुवै दाजुभाइले पढेका हुन् । पहिलो बुझाइमा विद्यालयलाई लागेजस्तो एक कक्षा तलमाथि गरेर भर्ना गरिएको थियो र अन्तिमसम्म दुई वर्षको उमेरले फरक दाजुभाइ कक्षाको हिसाबले एक वर्षको फरक रहिरहे। दाजु चाहिंको एक वर्ष कुनै कामको रहेन । सानैदेखि दाजुभाइ घरबाहिर होस्टलमा बसेर पढाइ गरेकाले गाउँमा खासै कोही साथी छैन। जब दुवैजना कुनै चाडपर्वमा घर आउँछन् दुई–तीन दिनमैं उनीहरूको मन भरिन्छ। चाहन्छन् होस्टल पुगिहालौं, घरमा फिटिक्कै बस्न चाहँदैनन्। कुनै चाडपर्वमा ढोग्नुबाहेक अरू कुनै रमाइलो मान्दैनन्। घरमा कुनै बेला पूजा हुँदा त्यसको मूल्य बुझेका छैनन्, अरूले के गरिरहेका छन्, त्यो पनि बुझ्ने मतलब राख्दैनन् । जब लकडाउन थियो, घरबाट बाहिर निस्कनु थिएन, उनीहरू घरबाटै निस्केनन्। अन्य सामान्य समयमा पनि उनीहरू घरबाट निस्कदैनन्, गाउँ डुल्दैनन्, साथीभाइसित खेल्दैनन् र खेतखरिहानतिर जाँदैनन् । यसको अर्थ यो होइन कि पढाइमा दाजुभाइ राम्रा छैनन् । पढाइमा राम्रा छन्। उच्च मध्यमस्तरका छन्। आमा शिक्षक र बुबा समाजसेवी भएकाले भन्दछन्–लगानीको तुलनामा प्रतिफल राम्रो आएन । दुवैजना अव्यक्तरूपमा भन्दछन्–सानैदेखि होस्टलमा राखेको कारण यिनीहरूको समाजीकरण हुन सकेको छैन ।

यो एउटा उदाहरण मात्र हो। यस्ता अनेक उदाहरण पाउन सकिन्छ कि घरभन्दा टाढा रहेर बालबालिकाले अध्ययन गर्दा अध्ययन राम्रो भए पनि समाजीकरणमा समस्या हुने गर्दछ । आफ्नो समाज र संस्कृतिलाई खासै बुझ्दैनन्, बुझ्न पाउँदैनन् । समाज र संस्कृति बुझ्न नसकेको अवस्थामा पढाइ सकेर फेरि जब समाजमा फर्कन्छन्, तब समाजमा घुलमिल गर्न तथा सेवा गर्न निकै कठिन हुन्छ । यो कुनै काल्पनिक सिद्धान्त होइन, व्यवहारमा देखिएको सत्य र तथ्य पनि हो कि निरन्तर बाबु आमाबाट टाढा रहेका बालबालिकाहरूमा सामाजिक व्यवहारको निकै कमी हुन्छ। सामाजिक व्यवहारलाई देखावटीरूपमा बुझेका हुन्छन्। उदाहरणको लागि बाबु वा आमाबारे निकै राम्रो निबन्ध लेख्न सक्छन् तर बाबु वा आमाको सेवा गर्ने कुरामा धेरै पछाडि हुन्छन् । समाजको अन्य कार्य व्यापारमा पनि यही देखिएको छ ।

एउटा अध्ययनले यो पनि देखाएको छ कि बाबुआमासित बसेर पढेका बालबालिका र होस्टलमा बसेर पढेका बालबालिकामा धेरै भिन्नता हुन्छ। यसको अध्ययन गर्नेहरूले के भन्ने गरेका छन् भने समावेशी समाजको लागि होस्टलले विभेद सिर्जना गरेको पाइएको छ । समावेशी समाज र समावेशी शिक्षाको लागि होस्टलरहित विद्यालय शिक्षा हुनुपर्दछ अर्थात् विद्यालय तहसम्म हरेक बालबालिकाले अनिवार्यरूपमा आफ्ना मातापिताका साथमा रहेर, घरबाटै विद्यालयको पढाइ गर्नुपर्दछ, जसले तिनमा सामाजिक गुणको विकास सम्भव हुन सकोस् । यस्ता बालबालिकामा व्यावहारिक ज्ञान धेरै हुन्छ । साथमा सिर्जनात्मक क्षमताको विकास पनि धेरै भएको हुन्छ । परिस्थिति बुझ्ने र परिस्थिति अनुसार काम गर्न सक्ने, विभिन्न परिवेशमा घुलमिल गर्न सक्ने किसिमको क्षमताको विकास समाजमा रहेर नै हुन्छ। घरबाट टाढा नौलो वा बिरानो ठाउँमा बसेर अत्यन्त अनुशासनमा दिनरात बसेर केवल एकोहोरिंदा बालमनोविज्ञान र त्यसको माध्यमले जीवनको एउटा क्षेत्र नै एकाङ्गी बन्ने डर हुन्छ र कतिपय अवस्थामा यस्तो भएको देखिन्छ पनि।

होस्टलमा बस्ने विद्यार्थीहरूको एउटा वर्ग हुन्छ। सामान्यतया जुनसुकै समाजको हुनेखाने वर्ग वा परिवारका बालबालिका नै होस्टलमा बसेर पढ्छन्। अझ विद्यालय तहको होस्टलको अध्ययन गर्ने हो भने छात्राभन्दा छात्रको सङ्ख्या कैयौं गुणन बढी होला । छात्राको सङ्ख्या अत्यन्त कम हुन सक्छ। अझ विभिन्न दृष्टिकोणले अपाङ्गता भएका बालबालिकाको सङ्ख्या यस्ता होस्टलमा कति प्रतिशत होला ? समाजका अन्य पक्षलाई यदि छाडेर यसरी एक वर्ग, एक लिङ्ग र लगभग एकै किसिमका साथीहरूसित निश्चित घेरामा र निश्चित नियम तथा परिधिमा निरन्तर बसिरहेका बालबालिकामा के कस्तो प्रभाव परेको होला भन्ने कुराको अनुमान लगाउन सकिन्छ। पढाइ राम्रो हुन्छ भन्ने कुरामा द्विविधा छैन र कतिपयले यो पनि भन्ने गरेका छन् कि पौराणिक कालदेखि नै शिक्षार्जनको लागि घरभन्दा टाढा आश्रममा राख्ने चलन थियो तर यस उदाहरणलाई एक पक्षीय रूपमा नलिएर यदि राम्ररी विचार गर्ने हो भने गुरुको आश्रममा रहने त्यतिखेरका शिष्यहरूले सबै काम आफैंले गर्नुपर्दथ्यो। राजाका छोरा भए पनि अन्य साथीहरूसित मिलेरै बस्नुपर्दथ्यो र आवश्यकता अनुसार आश्रमकका लागि मागेर पनि केही सामान ल्याउनु आवश्यक हुन्थ्यो। त्यहाँ भेदभाव होइन, मेलमिलाप सिकाइन्थ्यो तर होस्टलले समावेशी शिक्षा दिन नसकेको बुझाइको विस्तार हुन थालेको छ।

होस्टलको शिक्षामा राम्रो प्रभाव छ। शिक्षाको स्तर बढाउन होस्टलको भूमिका अस्वीकार गरिएको होइन । होस्टलले धेरै सहयोग पनि पुऱ्याएको छ तर यहाँ विद्यालय तहमा अध्ययन गर्ने बालबालिकाको हकमा मात्र होस्टलको चर्चा गरिएको हो । बालबालिकालाई संरक्षणको अधिकार हुन्छ । आमा बुबाबाट माया पाउने अधिकार पनि हुन्छ। उसको समाजीकरणको पनि अधिकार हुनुपर्ने हो। जब होस्टलमा बालबालिका पुग्दछन् तब बिहान निर्धारित समयमा उठ्नुपर्ने र निर्धारित समयमा तोकिएको काम गर्नुपर्ने हुन्छ। मानिसको जीवनलाई हरेक दिन उही पटरीमा चल्ने रेलजस्तो बनाइदिन्छ। कुन बेला घन्टी बज्दा त्यसको अर्थ के बुझ्ने भन्ने हुन्छ । घन्टी नसुन्दा निद्रा पनि नखुल्ने, घन्टी नसुन्दा भोक पनि नलाग्ने र खेल खेल्न पनि जाँगर नफुर्ने किसिमको एकोहोरो हुने डर पनि हुन्छ । तोकिएको समयमा निर्धारित किसिमको भोजनबाहेक अन्य किसिमको आहारविहारमा फिटिक्कै रुचि हुन्न । पच्दैन पनि र यदि कुनै विशेष समारोहमा जान्छन् भने केही मन पर्दैन। केही पनि राम्रो लाग्दैन । अझ उसलाई सबैतिर झर्कोफर्को लाग्छ। उसलाई लाग्दछ कि उसलाई बुझ्ने कोही छैन वा उसको नजरमा सबैले गर्ने काम चित्तबुझ्दो हुँदैन। दुवैतिर चित्त दुःखाइ हुन्छ। पीडा हुन्छ। यससँगै देखिएको अर्को पक्ष पनि के छ भने होस्टलमा बसेका बालबालिकामा शारीरिक श्रम गर्ने बानी पनि कम भइसकेको हुन्छ । चाडपर्वमा एक दुई दिनका लागि घर आएका बालबालिकामा शारीरिक श्रम गर्ने क्षमता बिलकुलै नहुन सक्छ किनभने होस्टलमा यस किसिमको शारीरिक काम गर्ने वा गराउने वातावरण हुँदैन । जबकि बालबालिका घरमा आमाबुबासित बसेर पढाइ गर्दा शारीरिक तथा मानसिक श्रम दुवै गर्नुपरेको हुन्छ वा कम्तीमा प्रत्यक्ष देखेका हुन्छन् र कपितय अवस्थामा सहयोग गर्नुपरेको हुन्छ।

समाज भन्नु सबै विविधताको सङ्गम हो। विविधताबीच बाँच्न सिकेको, हुर्केको तथा विविधतालाई नजीकबाट नियालेको, धेरै किसिमका कार्यमा संलग्न भएका बालबालिकाभन्दा सानैदेखि होस्टलमा बसेर पढाइ गरेका बालबालिकामा समावेशिता कम हुन्छ । समाजीकरण कम भेटिन्छ। यसले गर्दा सम्भव हुँदासम्म होस्टलमा राखेर बालबालिकालाई पढाउनुभन्दा आफ्नै घरमा आफैंसित राखेर विद्यालय तहको पढाइ पूरा गराउनु राम्रो हुन्छ भन्ने मान्यताको विकास भइरहेको छ। एक ठाउँमा त यो पनि भनिएको छ विश्वमा होस्टलरहित शिक्षा हुनुपर्दछ । फेरि पनि भन्दछु, यहाँ होस्टलरहित भन्नुको अर्थ आवासीय सुविधा हुनुहुँदैन भन्ने मात्र हो, संस्थागत विद्यालयको विरोध गरिएको होइन । विद्यालय तहभन्दा माथि यदि क्याम्पस तहमा आवासीय सुविधा हुन्छ भने धेरै राम्रो । यस उमेरका विद्यार्थीहरूमध्ये कतिपयले आफैंले काम गरेर पढ्न पनि जानिसकेका हुन्छन्, यसले गर्दा समाजीकरणमा सहयोग नै पुग्दछ।

# सरकारी नीतिले अप्ठ्यारो पारेको वित्तीय बजार सच्याइने

काठमाडौं, २९ मङ्सिर/रासस

अर्थमन्त्री जनार्दन शर्माले मुलुकको वित्तीय बजारमा सरकारी नीतिले अप्ठ्यारो अवस्था सिर्जना भए सच्याउन तयार रहेको बताएका छन्।

महीनौंदेखि तरलता अभावका कारण बैंकले लगानी गर्न नसकी निक्षेप सङ्कलनलाई प्राथमिकता दिइरहेको समयमा उनले सरकारका कानूनले वित्तीय बजारमा समस्या परेको हो भने त्यसको समाधान गरिने विश्वास दिलाए।

नेपाल उद्योग वाणिज्य महासङ्घद्वारा राजधानीमा आयोजित 'नवउत्थान सम्मेलन'लाई सम्बोधन गर्दै उनले भने–"वित्तीय बजारमा कतै सरकारको नीतिले अप्ठ्यारो पारेको छ भने सीधै भन्नुहोस्, राष्ट्र बैंकका प्रतिनिधि पनि हुनुहुन्छ, यहीं समाधान गर्ने गरी हामी निर्णय गर्न तयार छौं।"

पोस्ट–कोभिडको बदलिंदो परिस्थितिमा तीव्र र दिगो आर्थिक वृद्धि कसरी गर्न सकिन्छ भनेर महासङ्घले आज उक्त बहस चलाएको हो । सम्मेलनबाट आएको निष्कर्ष कार्यान्वयनका लागि सरकारमा समेत बुझाइने महासङ्घले जनाएको छ।

अर्थमन्त्री शर्माले बिस्तारै आर्थिक क्षेत्र चलायमान हुँदै गएको स्मरण गर्दै यस क्षेत्रमा अझै ठूलो प्रभाव पर्न सक्ने अवस्थालाई समेत मध्यनजर गरी मुलुकको अर्थतन्त्र बलियो बनाउनुपर्ने आवश्यकता औंल्याए । उनले स्रोत र श्रमसमेतलाई ध्यानमा राखेर अर्थतन्त्रलाई एउटा लयमा पुऱ्याउनुपर्छ भने। उनले आफ्नो आवश्यकता, क्षमता र सम्भव प्रतिस्पर्धात्मक क्षेत्र पहिचान गरी लगानी गर्न जोड दिए । "सबैमा प्रतिस्पर्धा गर्न सकिन्न, स्वयं आत्मनिर्भर र प्रतिस्पर्धामा जान सक्ने क्षेत्र कुनकुन हो, नयाँ ढङ्गबाट त्यसको अध्ययन गर्नुपर्छ, त्यसैमा केन्द्रित भएर लगानी वृद्धि गर्ने कुरा आजको आवश्यकता हो"–अर्थमन्त्री शर्माको भनाइ थियो।

उनले व्यापार घाटाको समस्या कायमै रहेको जानकारी दिए । उनले बैंक/वित्तीय संस्थाले चालू चार महीनामैं वार्षिक लक्ष्यको ४९ प्रतिशत लगानी (३८७ अर्ब कर्जा विस्तार) गरिसकेको जानकारी दिए । "यो लगानी विस्तार नकारात्मक हो या सकारात्मक अध्ययन जरूरी छ"–उनले आशावादी हुँदै भने–"तथ्याङ्क हेर्दा बढी औद्योगिक क्षेत्रमा लगानी गरेको पाइन्छ, त्यसको प्रयोग हुँदै जाँदा अर्थतन्त्रमा मदत नै पुऱ्याउने देखिन्छ।"

मुलुकमा अहिले देखिएको तरलताको समस्याले ब्याज वृद्धि हुने खतरा कायमै रहेको उल्लेख गर्दै उनले भने–"यसलाई बजारमा छाड्ने कि नियमन गर्ने भन्ने प्रश्न गम्भीर छ, महासङ्घको धारणा के हो ? हामीलाई के सुझाव दिनुहुन्छ, त्यसको प्रतीक्षामा छौं।" उनले क्षमतावान् बनाउन र तरलताको समस्या आउन नदिन के नीति चाहिने हो प्रस्ताव पेश गर्न बैंक तथा वित्तीय संस्थालाई समेत आग्रह गरे ।

सम्मेलनमा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष शेखर गोल्छाले लगानी वृद्धि गर्ने र व्यवसाय आकर्षित हुनेगरी राज्यको नीति बनाउन जोड दिएका थिए। उनले बिस्तारै अर्थतन्त्रमा केही सकारात्मक प्रभाव शुरू भएपनि कोभिड–१९ को त्रास कायमै रहेकोले आर्थिक क्षेत्रमा सरकारको आवश्यक सहयोगको खाँचो औंल्याए ।

महासङ्घका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले आज दिनभर पोस्ट कोभिडमा आर्थिक क्षेत्रमा परेको प्रभाव र सुधार गर्नुपर्ने विषयमा छलफल हुने र एउटा आधिकारिक धारणा तय गरी आएका निष्कर्षलाई सरकारलाई बुझाउने जानकारी दिए। उनले लगानी बढाउने गरी नीति निर्माण भए आन्तरिक लगानी बढ्ने विश्वास व्यक्त गरे। सम्मेलनको पहिलो सत्रमा तरलता व्यवस्थापन, दोस्रो सत्रमा लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन, र तेस्रो सत्रमा निर्यात प्रवर्द्धनका विषयमा विषय विज्ञ र आर्थिक क्षेत्रका प्रतिनिधिबीच समूहगत छलफल गरी निष्कर्ष निकालिने छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# शैक्षिक विकास र दक्ष जनशक्ति तयार गर्न विश्वविद्यालयको योगदान महत्त्वपूर्ण –प्रम

काभ्रेपलाञ्चोक, २९ मङ्सिर/रासस

प्रधानमन्त्री शेरबहादुर देउवाले काठमाडौं विश्वविद्यालयले मुलुकको शैक्षिक विकास र दक्ष जनशक्ति उत्पादनमा महत्त्वपूर्ण योगदान गरेको बताएका छन् । प्रधानमन्त्री देउवाले काभ्रेपलाञ्चोकको धुलिखेलस्थित काठमाडौं विश्वविद्यालयको २७औं दीक्षान्त समारोहका अवसरमा आज विश्वविद्यालय तथा स्नातक विद्यार्थीलाई पठाएको शुभकामना सन्देशमा सो धारणा व्यक्त गरेका हुन् । उनले हालको मुख्य राष्ट्रिय चिन्ताको विषय बनेको जनशक्ति पलायन, सीपसँग शिक्षाको छुट्दै गएको सम्बन्ध र मुलुकको विकासमा अभाव हुँदै गएको दक्ष जनशक्तिको समस्यालाई केही हदसम्म भएपनि सम्बोधन गर्न सार्थक र सफल भएको जनाएका छन् ।



तस्वीरः रासस

विश्वविद्यालयको कुलपतिसमेत रहेका प्रम देउवाले स्थापनाको तीन दशक पूरा गरेको उपलक्ष्यमा यसका संस्थापक र सम्पूर्ण विश्वविद्यालय परिवारलाई बधाई दिए । सन्देशमा भनिएको छ, “मुलुकको लोकतान्त्रिक प्रणालीलाई सबल र सुदृढ बनाउन तथा मुलुकको अर्थतन्त्रलाई गतिशील बनाउन आलोचनात्मक सीपयुक्त र समय सुहाउँदो वैज्ञानिक एवं प्राविधिक ज्ञानले सुसज्जित जनशक्ति आवश्यक छ ।”

प्रम देउवाले उच्च शिक्षा आर्जनका लागि नेपालीले बर्सेनि विदेशी विश्वविद्यालयलाई तिर्ने अरबौं रकम मुलुकभित्रै सदुपयोग गर्ने वातावरण निर्माण गर्न पनि नागरिकको माग अनुरूप शैक्षिक गुणस्तर मुलुकभित्रै विकसित गर्नु अपरिहार्य भइसकेको उल्लेख गरेका छन् । उनले विश्वविद्यालयले यी विविध क्षेत्रका लागि जनशक्ति उत्पादन गरेर मुलुकलाई ठूलो गुन लगाएको जनाएका छन् । “उच्च शिक्षाको उद्देश्य सीपयुक्त जनशक्ति उत्पादन गर्नु त हुँदै हो, त्यसभन्दा पनि बढी महत्त्वपूर्ण विषय हालका युवालाई असल, चरित्रयुक्त र देशभक्तिले भरिएको नागरिकमा रूपान्तरण गर्नु हो, यस विषयमा पनि विश्वविद्यालयले सधैंझैं उचित ध्यान पुऱ्याएको मलाई लाग्छ,” उनले भनेका छन् ।

प्रम देउवाले आजका युवा मुलुकको भविष्य निर्माता भएको चर्चा गर्दै असल र जिम्मेवार नागरिकका रूपमा मुलुकको उन्नति र प्रगतिमा निरन्तर योगदान दिने विश्वास व्यक्त गरेका छन् ।

**केयूको २७औं दीक्षान्त समारोहः एक हजार ४४९ विद्यार्थी दीक्षित**

काभ्रेपलाञ्चोकको धुलिखेलस्थित काठमाडौं विश्वविद्यालयको २७औं दीक्षान्त समारोह आज सम्पन्न भएको छ ।

कार्यक्रममा भारतीय विश्वविद्यालय सङ्घका महासचिव डा पङ्कज मित्तलले नेपाल र भारतबीच निकटको सम्बन्ध रहेको उल्लेख गर्दै संस्कार, संस्कृति र सभ्यताले छिमेकीमा प्रगाढता कायम रहिरहेको बताइन् । सुन्दर मुलुक नेपाल र भारतबीचको मैत्रीपूर्ण सम्बन्ध रहिआएको चर्चा गर्दै दीक्षित स्नातक विद्यार्थी नै भविष्यको निर्माता हो भनिन् । उनले भनिन्, “आफ्ना सन्तानप्रति अभिभावकको सबैभन्दा ठूलो उपहार शिक्षा हो, उनीहरूको शैक्षिक उन्नयन र आकाश छुने प्रगतिमा कुनै पनि अभिभावक बाधक बन्नुहुन्न ।”

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवं विश्वविद्यालयका सहकुलपति देवेन्द्र पौडेलले शिक्षा विकास र समृद्धिको मूलद्वार भएको उल्लेख गर्दै सन् २०३० सम्ममा दिगो विकास लक्ष्यका विभिन्न क्षेत्रमा गरिएको प्रक्षेपणको नेतृत्व शिक्षाले गर्ने बताए । उनले भने, “विश्वविद्याय ज्ञान, सीप र सिकाइको गुरुत्वको केन्द्र तथा व्यक्तिको मार्गदर्शन थलो हो, दीक्षित विद्यार्थीले राष्ट्र निर्माणको जिम्मा स्नातकको काँधमा छ ।” उनले विभिन्न विधामा स्नातक भएका विद्यार्थीलाई उपाधि प्रदान गर्न अनुमति दिएका थिए ।

विश्वविद्यालयका उपकुलपति डा भोला थापाले नेपालमा सक्रिय चिकित्सक जनशक्तिमध्ये करीब ४५ प्रतिशत काठमाडौं विश्वविद्यालयको उत्पादनले सेवा गरिरहेको उल्लेख गर्दै नेपाल सरकारले विश्वविद्यालयलाई शिक्षण अस्पताल निर्माणका लागि धुलिखेलको चौकोटमा ५०० रोपनी जमीन उपलब्ध गराएको स्थानमा फोक्सो अनुसन्धान केन्द्र निर्माणको काम अन्तिम चरणमा पुगेको जानकारी दिए । उनका अनुसार अस्पतालको प्राङ्गणमा ५० शय्यासहितको ‘मल्टीडिसिप्लिनरी’ शैक्षिक कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले ‘मेन्टल हेल्थ रिसर्च सेन्टर’ निर्माणको काम अघि बढेको र करीब एक हजार शय्याको ‘सुपर–स्पेशियालिटी/सब–स्पेशियालिटी’ सुविधासहितको विश्वविद्यालयको आफ्नै शिक्षण अस्पताल स्थापनाको कार्ययोजना छ ।

कार्यक्रममा विश्वविद्यालयका विभिन्न विधामा एक हजार ४४९ स्नातक विद्यार्थी दीक्षित भएका हुन् । स्कूल अफ आर्टस्का २३४, स्कूल अफ एडुकेशनका १०४, स्कूल अफ इन्जिनीयरिङका २९, स्कूल अफ लका ४०, स्कूल अफ म्यानेजमेन्टका ४१९, स्कूल अफ मेडिकल साइन्सेजका ५८१ र स्कूल अफ साइन्सका ४२ विद्यार्थी दीक्षित भएका थिए । साथै, यस वर्ष आर्टस्, एडुकेशन, इन्जिनीयरिङ, ल, म्यानेजमेन्ट, मेडिकल साइन्सेज र साइन्स विषयका १२ जना पिएचडी र ३० जना एमफिलसहित स्नातक र स्नातकोत्तर तहका विद्यार्थी दीक्षित भएका हुन् ।

दीक्षित विद्यार्थीमध्ये ४८ दशमलव ४५ प्रतिशत पुरुष र ५१ दशमलव ५५ प्रतिशत महिला छन् । यसैगरी, बङ्गलादेश, बेनिन, नेदरल्यान्ड, भारत, श्रीलङ्का, माल्दिभ्स, संयुक्त राज्य अमेरिका र रूसका १२३ जना विद्यार्थी दीक्षित भएका छन् । यस वर्ष मास्टर इन पब्लिक पोलिसी एन्ड म्यानेजमेन्टमा ११, मास्टर इन एजनी एफिसेन्ट बिल्डिङ डिजाइनमा तीन र मास्टर वाइ रिसर्च इन सिभिल इन्जिनीयरिङमा दुई गरी १६ जनालाई विश्वविद्यालयले पहिलोपटक उपाधि प्रदान गरेको छ ।

विश्वविद्यालयले पहिलोपटक २०५१ सालमा दीक्षान्त समारोह आयोजना गरी एमबिएका १७ जना विद्यार्थीलाई उपाधि प्रदान गरेको थियो । विश्वविद्यालयबाट हालसम्म स्कूल अफ आर्टस्का तीन हजार २९, स्कूल अफ एडुकेशनका एक हजार ६२८, स्कूल अफ इन्जिनीयरिङका तीन हजार ९५४, स्कूल अफ लका ११६, स्कूल अफ म्यानेजमेन्टका छ हजार ८०६, स्कूल अफ मेडिकल साइन्सेजका १७ हजार ६९३ र स्कूल अफ साइन्सका तीन हजार ३९१ गरी कुल ३६ हजार ६२४ दक्ष विद्यार्थीलाई उपाधि प्रदान गरिसकेको जनाइएको छ ।

# पाँच बङ्गलादेशी नागरिक पक्राउ

काठमाडौं, २९ मङ्सिर/रासस

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैधरूपमा लुकाइछिपाइ लैजान लागेको एक किलो ३११ ग्राम सुनजस्तो देखिने पहेंलो धातु, चेन रोल, औंठी र चुरासहित पाँचजना बङ्गलादेशी नागरिकलाई पक्राउ गरिएको छ ।

पक्राउ पर्नेहरूमा ३० वर्षीय तौहिदुल तनवीर, एमडी युनुस अली, ५० वर्षीय सोभान तालुकदार, २५ वर्षीय जाहिदुल इस्लाम र ३७ वर्षीय एमडी मिराजुल इस्लाम रहेका छन् । पक्राउ परेकामध्ये तौहिदुलको साथबाट २१६ ग्राम, युनुसको साथबाट २३३ ग्राम, सोभानको साथबाट १०० ग्राम, जाहिलदुलको साथबाट ३३२ ग्राम र मिराजुलको साथबाट ४३० ग्राम पहेंलो धातु बरामद गरिएको प्रहरीले जनाएको छ । हिमालयन एयरलाइन्सको उडानद्वारा दुबईबाट काठमाडौं हुँदै मङ्गलवार बङ्गलादेश जान लागेका उनीहरूलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हाते झोला परीक्षण गर्दा उक्त धातु फेला परेपछि नियन्त्रणमा लिइएको हो । उनीहरूलाई आवश्यक अनुसन्धान एवं कारबाईका लागि आज त्रिभुवन विमानस्थल भन्सार कार्यालय पठाइएको अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयले जनाएको छ ।




**फाइजर खोपको दोस्रो मात्रा लगाईंदैः** दाङको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा फाइजर खोपको दोस्रो मात्रा लगाउँदै बालबालिका । १२ वर्षदेखि अठार वर्षसम्मकालाई यो खोप लगाइएको छ । तस्बिरः रासस

# भरतपुरमा कागजी सवारीचालक अनुमतिपत्रको पनि नवीकरण शुरू

चितवन, २९ मङ्सिर/रासस

यातायात व्यवस्था सेवा कार्यालय, भरतपुरले बिहीवारदेखि कागजी सवारी चालक अनुमतिपत्र नवीकरणको काम शुरू गर्ने भएको छ । यही मङ्सिर ८ गतेदेखि स्मार्ट अनुमतिपत्रको नवीकरण प्रक्रिया शुरू गरेको यस कार्यालयले सबै प्रक्रिया पूरा गरी बिहीवारबाट काम शुरू गर्न लागेको हो ।




कार्यालयका प्रमुख विनोद पौडेलका अनुसार कागजी अनुमतिपत्रको नवीकरणमा केही समस्या भएका कारण ढिला गरी काम शुरू गरिएको हो । कागजी अनुमतिपत्रमा ६० प्रतिशत समस्या आउने भएकाले काम ढिला गरी शुरू गरिएको उनको भनाइ छ । सवारी चालक अनुमतिपत्र जारी गर्न केही समय लाग्ने भएकाले अहिले प्रतिलिपि जारी गर्न कठिन भएको उनले जानकारी दिए ।

दैनिक ३० जना हाराहारीले नवीकरण गर्ने गरेको जनाउँदै उनले हालसम्म यहाँबाट २०० भन्दा बढी नवीकरण फर्म भरेका बताए । चालू आर्थिक वर्षभित्रै सवारीचालक अनुमतिपत्र जारी गर्ने गरी काम भइरहेको उनले जानकारी दिए । सवारी चालक अनुमतिपत्र नवीकरण गर्न हेटौंडा जानुपर्ने बाध्यता भने हटेको छ ।

# नेपालमा वामपन्थी पार्टी लोकप्रिय छन्

काठमाडौं, २९ मङ्सिर/रासस

नेकपा (एकीकृत समाजवादी) पार्टीका अध्यक्ष माधवकुमार नेपालले नेपालमा वामपन्थी पार्टी लोकप्रिय रहेको र फुटेर जाँदा पनि वामपन्थी पार्टी नै निर्माण गरिरहेको बताएका छन् ।

पार्टीको वाग्मती प्रदेश कमिटीले बुधवार आयोजना गरेको प्रशिक्षण कार्यक्रममा उनले आफूहरू वामपन्थी आन्दोलन बलियो बनाउन लागिरहेकाले पार्टी फुट्यो भनेर चिन्ता नगर्न आग्रह गरे । पार्टीका सबै तहमा रहेर नेतृत्व गर्नेले देशको स्वाभिमान र जनतालाई सुखी बनाउने कुरामा ध्यान दिनुपर्नेमा उनले जोड दिए । देशभर सबै जिल्ला र क्षेत्रमा पार्टीको विस्तारमा लाग्न उनले निर्देशन दिए । उनले भने, “आम नागरिकलाई चेतनशील र सङ्गठित बनाएर मात्रै परिवर्तन सम्भव छ ।”

देशभरमा आफ्नो पार्टीमा नागरिकको आकर्षण बढिरहेको पूर्वप्रधानमन्त्रीसमेत रहेका उनले बताए । सबै प्रदेशका र विभिन्न जिल्लामा पार्टी र सङ्गठन विस्तारका क्रममा रहेको र कतिपय जिल्लामा ठूलै परिवर्तन आइरहेको उनको भनाइ छ । वडा तहसम्म कमिटी बनाउन र पार्टीलाई गतिशील बनाउन उनले निर्देशन दिए । उनले भने, “अरू पार्टीभन्दा कसरी भिन्न पार्टी बनाउने भन्नेमा हाम्रो ध्यान पुग्नुपर्छ ।”

राजधानी काठमाडौं र अरू विभिन्न शहरमा सडकको अवस्था खराब भएको उनले बताए । सरकारमा फरक–फरक पार्टीको संलग्नता भएकाले कतिपय विषयमा चुप भएर बस्नुपरेको उनको भनाइ छ । राजनीतिक क्रान्ति जोगाउन वामपन्थी र लोकतान्त्रिक शक्तिसँग मिलेर लागेको उनले बताए । उनले भने, “शेरबहादुर देउवा मात्रै होइन काङ्ग्रेसका अरू नेता पनि गठबन्धनलाई अघि बढाउनुपर्ने मान्यता राख्नुहुन्छ ।”

# प्रदेश २ प्रदेशसभाको बैठक एक साता स्थगित

प्रस, जनकपुरधाम, २९ पुस/

लामो समयपछि बसेको प्रदेश २ प्रदेशसभाको बैठक पुनः एक साताको लागि स्थगित भएको छ । मुख्यमन्त्रीको राजीनामा माग गर्दै प्रमुख प्रतिपक्षी दल लोकतान्त्रिक समाजवादी पार्टीले बैठक अवरुद्ध गरेपछि सभामुख सरोज यादवले पुस ८ बिहीवार दिनको १ बजेसम्मका लागि बैठक स्थगित गरेका हुन् ।




बुधवार बसेको बैठकमा दुईवटा अध्यादेश पेस भएका थिए । अध्यादेश पेस भएलगत्तै लोकतान्त्रिक समाजवादी पार्टी नेपालले बैठक अवरुद्ध गरेको हो । बैठकमा सामाजिक विकासमन्त्री नवलकिशोर साहले ‘प्रदेश कृषि विश्वविद्यालय अध्यादेश २०७८’ र ‘प्रदेश प्राविधिक विश्वविद्यालय अध्यादेश २०७८’ प्रदेशसभामा पेस गरेका थिए ।

प्रदेशसभाको कार्यसूचीमा प्रदेशको नामकरण तथा राजधानी तोक्नेसम्बन्धी प्रस्ताव रहे पनि बैठक अवरुद्ध हुन थालेपछि सो कार्यसूचीमा बैठक प्रवेश गर्न सकेन । प्रतिपक्षी लोकतान्त्रिक समाजवादी पार्टीको संसदीय दलका नेता जीतेन्द्र सोनलले सभामा मन्तव्य व्यक्त गर्दै मुख्यमन्त्री लालबाबू राउत गद्दीको राजीनामा मागे ।

साइकल खरीद प्रकरणमा अनियमितता भएको अख्तियारको पहिलो चरणको अनुसन्धानमा देखिएकोले मुख्यमन्त्री गद्दीले अब मार्गप्रशस्त गर्नुपर्ने बताए । गत असार २० गते मुख्यमन्त्री गद्दीले विश्वासको मत लिने क्रममा साइकल खरीदमा थोरै कमीकमजोरी देखिएमा मार्गप्रशस्त गर्नेछु भनी दिएको अभिव्यक्ति उल्लेख गर्दै नेता सोनलले भने, “अख्तियारको छानबीनको पहिलो प्रतिवेदनमैं साइकल खरीद प्रक्रियामा अनियमितता भएको स्पष्ट भइसकेको छ । कमीकमजोरी स्पष्ट भइसकेकोले मुख्यमन्त्रीले तत्काल राजीनामा दिई मार्गप्रशस्त गर्नुपर्छ ।”

# पर्यटकीय गन्तव्य बन्दै वाग्मती फिचर फन ताल

– शंखर पहाडी

सर्लाही, २९ मङ्सिर/रासस

पूर्वपश्चिम लोकमार्गदेखि करीब दुई किलोमिटर दक्षिण वाग्मती नगरपालिका– १२ मा निर्माणाधीन अवस्थामा रहेको वाग्मती फिचर फन तालमा आन्तरिक तथा बाह्य पर्यटक बढेका छन्। वाग्मती–१२ मा निर्माणाधीन अवस्थामा रहेको मानवनिर्मित वाग्मती फिचर फन तालमा घुम्न दैनिक एक हजारभन्दा बढी पर्यटक आउन थालेका छन्।

करीब १२१ बिघा क्षेत्रफलमा निर्माणाधीन अवस्थामा रहेको वाग्मती फिचर फन ताल निर्माणकै चरणमा करीब रु ६० करोड खर्च भइसकेको नगर प्रमुख भरतकुमार थापाले जानकारी दिए। उनका अनुसार चुरेकै काखमा रहेको उक्त तालमा हाल १० सिट क्षमताका छ मोटरबोट सञ्चालन भइरहेका छन्। निर्माण सम्पन्न भएपछि ३५ सिट क्षमता भएको जेटबोटसमेत सञ्चालन गरिने छ।


तस्वीरः सौजन्य

ताल पूर्णरूपमा निर्माण हुन अझै करीब छ महीना लाग्ने भए पनि तालको सुन्दर दृश्य, तालपारि देखिने चुरे पर्वत, तालमा पौडिदै गरेका हाँस र तालमा सरर गुडिरहेका मोटरबोटले आन्तरिक तथा बाह्य पर्यटकको मन लोभ्याएको छ। तालमा घुम्न आउने पर्यटकको चाप अहिले नै बढ्न थालिसकेको वाग्मती इन्टरटेन्डमेन्ड प्रालिले जनाएको छ। अहिले तालमा रहेका बोटमा यात्रा गर्ने तथा काललाई नजीकैबाट नियाल्दै खाजा खाने, साथीभाइ भेट्ने तथा रमाइलो गर्ने र टिकटक बनाउने पर्यटकको सङ्ख्या बढिरहेको नगर उपप्रमुख लीलाकुमारी मोक्तानले बताइन्।

उनका अनुसार सो काललाई प्रदेश नं २ को पर्यटकीय गन्तव्यका रूपमा निर्माण गर्ने लक्ष्यका साथ नगरपालिकाले ताल निर्माणको काम गरिरहेको छ। तालमा दैनिक एक हजारभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका नगरपालिकाले जनाएको छ। तालको नजीकै सुमेरू पर्वत, मिनि नेपाल र शिवमूर्ति बनाउने योजनाका साथ काम भइरहेको छ।

तालको बीचमा रिसोर्ट निर्माणाधीन अवस्थामा छ भने तालको वरिपरि नगर बगैंचा तथा घेराबेराको काम पनि भइरहेको छ। तालमा घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकले रु दुई सयको टिकट काटिसकेपछि तालमा घुम्न थाल्दा आफूलाई पोखराको फेवाताल घुमेको महसूस भएको सुनाउने गरेका छन्।

तालको सौन्दर्य बढाउन हाँस पालन, वरिपरि फूल लगाइएको र तालको बीचमा रिर्सोटसमेत निर्माण गरिएको छ। अबको करीब छ महीनामा ताल निर्माणको काम सम्पन्न गर्ने तयारीका साथ नगरपालिकाले काम गरिरहेको छ। पूर्णरूपमा ताल निर्माण भइ नसक्दै करीब एक हजारजनाले प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारसमेत पाएका छन्। तालको निर्माण सम्पन्न भएपछि नगरका करीब एक हजार ५०० स्थानीय युवाले रोजगार पाउने र नगरको पनि आन्तरिक आयस्रोत बढाउने योजना रहेको प्रमुख प्रशासकीय अधिकृत विमलकुमार पोखरेलले बताए।

तालमा सजावट र रिसोर्टको काम तीव्रगतिमा भइरहेको छ। नेपालकै सबैभन्दा ठूलो मानवनिर्मित तालको सम्पूर्ण काम सकिएपछि दैनिक करीब पाँच हजार आन्तरिक तथा बाह्य पर्यटक ल्याउने नगरपालिकाको लक्ष्य छ। तालको १५ देखि ४५ फिटसम्म गहिरो छ। जोखिम रहेकोले उक्त तालमा मानिसलाई पौडी खेल्न र माछा मार्न निषेध गरिएको छ। साथै केही समयपछि उक्त तालमा माछापालन पनि गर्ने नगरपालिकाले योजना बनाएको छ।

नगरपालिकाले नगर बगैंचा र फनपार्कसमेत निर्माण गरिरहेको छ। नगरवासीलाई रोजगार पनि दिने र नगरको आन्तरिक आयस्रोत बढाउने लक्ष्यका साथ ताल, नगर बगैंचा र फनपार्क निर्माण भइरहेको नगरपालिकाले जनाएको छ। सडक निर्माण, स्तरोन्नति मात्र विकास नभई आन्तरिक आयस्रोत बढाउने र रोजगार सिर्जना गरी स्वरोजगारी बनाउने योजना ल्याउनु नै विकास रहेको नगरका जनप्रतिनिधिको निष्कर्ष रहेको कारण नगरको आन्तरिक आयस्रोत बढाउन र नगरका बेरोजगारी नागरिकलाई रोजगार सिर्जना गर्ने काम गरिएको जनप्रतिनिधिले जनाएका छन्।

# प्रदेश २ मा पोलिटेक्निक इन्स्टिच्युट स्थापना गर्नेसम्बन्धी सम्झौतामा हस्ताक्षर

काठमाडौं, २९ मङ्सिर/रासस

नेपाल सरकार र गणतन्त्र कोरिया सरकारबीच नेपालमा निर्माण क्षेत्रसँग सम्बन्धित दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले पोलिटेक्निक इन्स्टिच्युट स्थापना गर्नेसम्बन्धी समझदारीमा हस्ताक्षर भएको छ।

अर्थ मन्त्रालयमा आज आयोजित एक कार्यक्रममा अर्थ सचिव मधुकुमार मरासनी र नेपालका लागि गणतन्त्र कोरियाका राजदूत पार्क चोङ सुकले सो सझदारीपत्रमा हस्ताक्षर गरे। प्रदेश नं २ को महोत्तरीमा पोलिटेक्निक इन्स्टिच्युट स्थापना गर्न कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका) मार्फत कोरिया सरकारले ८.६ मिलियन अमेरिकी डलर (करीब एक अर्ब तीन करोड नेपाली रुपियाँ) अनुदान दिनेछ।

उक्त परियोजनापश्चात् नेपाल र विश्वबजारमा माग हुने निर्माण क्षेत्रका


तस्वीरः सौजन्य

दक्ष जनशक्ति परिपूर्ति गर्न सहयोग मिल्नेछ। बढ्दो बेरोजगारी मुलुकको चुनौतीका रूपमा देखा परेको वर्तमान परिस्थितिमा पोलिटेक्निक इन्स्टिच्युटको स्थापनाले सीपयुक्त जनशक्ति परिपूर्ति हुने अर्थ मन्त्रालयले जनाएको छ।

हस्ताक्षर समारोहमा अर्थ सचिव मरासनीले मुलुकमा व्याप्त दक्ष जनशक्ति अभावको समस्या न्यूनीकरण गर्न सहयोग मिल्ने विश्वास व्यक्त गरे। सीपयुक्त जनशक्तिको उत्पादनबाट स्वरोजगारीको वातावरण पनि बन्नेछ।

त्यस्तै वैदेशिक रोजगारमा जानेले आकर्षक सेवा सुविधा पाउने र मुलुकको अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्नेछ। प्रदेश नं २ बाट वैदेशिक रोजगारमा जानेको सङ्ख्या अधिक रहेको अवस्थामा सो प्रदेशमा पोलिटेक्निक इन्स्टिच्युट स्थापनाले सीप सिकेर विदेश जान सहयोग मिल्ने उनले विश्वास व्यक्त गरे। समारोहमा नेपालका लागि कोरियाका राजदूत पार्कले नेपालको विकासमा कोरिया सरकारले विभिन्न सहयोग गर्दै आएको बताएका थिए।


**भूमिगत सङ्ग्रहालयमा राखिएको शालिग्रामः** बागलुङ नगरपालिका–४ कुडुँलेस्थित भूमिगत सङ्ग्रहालयमा राखिएको विश्वकै दुर्लभ शिलाको रूपमा रहेको शालिग्राम। तस्बिर : खेमराज गौतम/रासस

## फरक समाचार

# जाडोको मौसममा केरा खान हुन्छ ?

जाडोको मौसममा केरा खान हुन्न, रूघाखोकी, कफ हुने भन्छन् तर डाइटिसियनका अनुसार जाडोमा केरा खान सकिन्छ। तर यदि तपाईंलाई रूघाखोकी वा कुनै प्रकारको सङ्क्रमण छ भने केरा खान हुँदैन। समय, मात्रा र शरीरको परिस्थिति हरेक व्यक्तिको अलग–अलग हुन्छ। तसर्थ केराको सेवन उचित मात्रामा गर्नुपर्छ।



केरामा क्यालोरी ८९ प्रतिशत, पानी ७५ प्रतिशत, प्रोटिन १.१ ग्राम, कार्बर्स २२.८ ग्राम, चिनी १२.२ ग्राम, फाइबर २.६ ग्राम, बोसो ०.३ ग्राम हुन्छ।

**हृदयको स्वास्थ्यको लागि केराः** जाडोमा उच्च रक्तचापको समस्या धेरै मानिसलाई हुने गर्छ। त्यस कारण उनीहरूले केरा सेवन गर्न सक्छन्। केरामा अत्यधिक फाइबर हुन्छ जसले हृदयरोगको जोखिमलाई कम गर्न सक्छ। फाइबरयुक्त खाद्य पदार्थको सेवनबाट हृदयरोग र कोरोनरी हृदयरोगबाट बचाव गर्न सजिलो हुन्छ। यसको अलावा केरामा विद्यमान पोटाशियमले मुटुको ढुकढुकी र रक्तचापलाई नियन्त्रित गर्छ। केराको सेवनबाट मस्तिष्कको सतर्कता बढ्छ।

**भोक बढाउने, कब्ज हटाउनेः** केरा घुलनशील र अघुलनशील फाइबरबाट भरपूर हुन्छ। घुलनशील फाइबरमा पाचनलाई सुस्त गर्ने गुण हुन्छ जसले गर्दा लामो समयसम्म भोक लाग्दैन। त्यसैले विज्ञहरू बिहानको खाजामा केरा खान सल्लाह दिन्छन्। जाडोमा पटक–पटक भोक लाग्छ। यसको अलावा जाडोमा कब्जियतको समस्या निकै हुन्छ। बिहानको समयमा केरा खाएपछि पटक–पटक भोक लाग्ने समस्या हुँदैन। आयुर्वेद अनुसार रातिको समयमा केरा खानु हुँदैन किनभने यसबाट रूघाखोकी हुन सक्छ।

**अनिद्राको समस्याः** केराले निद्रा नलाग्ने समस्या भगाउँछ। केरामा हुने पोटाशियमले शरीरको थकान हटाएर मांसपेशीलाई आराम दिन मदत गर्छ। साँझको समयमा १–२ वटा केरा खाँदा निद्रा नलाग्ने समस्या कम गर्न सकिन्छ। तर यदि तपाईंलाई रूघाखोकी छ भने साँझको समयमा केरा सेवन गर्नुहुँदैन।

**मीठो खाने रुचिः** यदि तपाईंलाई मीठो खान मन लाग्छ भने केरा राम्रो विकल्प हुन सक्छ। किनभने केरा मीठो, गुलियो हुनुको साथै भिटामिन्स र फाइबरले भरिपूर्ण हुन्छ। जिमबाट फर्केपछि एक दुईवटा केरा सेवन गर्नु राम्रो विकल्प हुन्छ।

**जोर्नी र हाडको समस्याः** जोर्नी र हाड दुःखाइबाट पीडित व्यक्तिले केरा खानुपर्छ किनभने केरामा क्याल्शियम हुन्छ। साथै यसले थुप्रै प्रकारको पोषकतत्त्व दिन्छ। केरामा क्याल्शियम, पोटाशियम, खनिज, फलाम, म्याग्निशियम, नियासिन, फोलेट, राइबोफ्लेविन र भिटामिन बी ६ जस्ता आवश्यक पोषक तत्त्वले भरिपूर्ण हुन्छ।

यदि तपाईंलाई रूघाखोकी, साससम्बन्धी समस्या छ भने जाडोको मौसममा केरा सेवन गर्नुहुँदैन। यसले शरीरमा कफको मात्रा बढाउँछ।

# अशुभ अङ्कको मान्यता

अङ्कलाई लिएर दुनियाँभरि भिन्दाभिन्दै मान्यता छ। कतै कुनै अङ्क शुभ हुन्छ भने त्यही अङ्क कतै अशुभ। संसारका केही देशमा भिन्दाभिन्दै अङ्कलाई लिएर विश्वास र अन्धविश्वास प्रचलित छ।



**४ नम्बरः** चीनमा ४ नम्बरलाई अशुभ मानिन्छ। अङ्ग्रेजीमा यसलाई फोर भनिन्छ तर चिनियाँ भाषामा फोरलाई मृत्युसमान मानिन्छ। यसैले चीनमा तेस्रो तलापछि पाँचौं तला आउँछ। कुनै पनि भवन र सडकको नाम वा नम्बरमा चार अङ्क लेखिंदैन। जापानमा पनि यस्तै छ। क्यामरा निर्माता फुजीले आफ्नो सिरिज ३ उत्पादनपछि सीधै ५ लन्च गरेको थियो।

**९ नम्बरः** जापानमा ९ नम्बरलाई पनि अशुभ मानिन्छ। अङ्ग्रेजीमा यसको उच्चारण नाइन हुन्छ, जसको जापानी अर्थ बिमारी वा मृत्युसँग जोडिएको हुन्छ। यसैले यहाँ ९ नम्बरलाई अशुभ मानिन्छ। यहाँ भवन ९ तले हुँदैन, न यस नम्बरबाट कसैको नामाकरण नै हुन्छ।

**१३ नम्बरः** दुनियाँका केही देशमा १३ नम्बरलाई निकै अशुभ मानिन्छ। युरोपको अधिकांश होटलमा १३ नम्बरको कोठा र फ्लोर हुँदैन। त्यस्तै कुनै फ्लाइटमा पनि १३ नम्बरको सिट हुँदैन। यसबारे एउटा कथा भनिएको छ, यिशु मसिहसँगै खाना खाने एकजना व्यक्तिले उनीसँग विश्वासघात गरेका थिए। त्यो व्यक्ति १३ नम्बरको कुर्सीमा बसेका थिए। यसैले यस नम्बरलाई निकै खराब र अनलकी मानिन्छ।

**१७ नम्बरः** इटलीमा १७ नम्बरलाई अशुभ मानिन्छ। रोमन अङ्कमा १७ लेख्नुहुन्छ भने यो XVII हुन्छ। यस नम्बरलाई री–अरेन्ज गर्दा यो शब्द VIXI बन्छ, जसको लैटिन भाषामा अर्थ हुन्छ ‘मेरो जिन्दगी अब पूरा भयो’। यहाँ १७ तारिखका दिन पसलहरू बन्द रहन्छन्।

**३९ नम्बरः** इस्लामिक देश अफगानिस्तानमा ३९ नम्बरलाई अशुभ मानिन्छ। त्यहाँ ३९ नम्बरको अनुवाद मोर्दा–गोव यानी मुर्दा गाईको रूपमा हुन्छ। त्यस्तै त्यहाँ यो शब्दको प्रयोग दलालको लागि पनि गरिन्छ।

**५३६ नम्बरः** दुनियाँका विभिन्न देशका मान्छेहरू ५३६ नम्बरलाई खराब मान्छन्। भनिन्छ सन् ५३६ इस्वीमा दुनियाँमा भीषण आपत् आएको थियो। त्यतिबेला एक प्रकारको रहस्यमय कुहिरोले युरोप, मध्यपूर्व र एशियाको केही भागलाई लामो समयसम्म दिनरात अँध्यारोमा डुबाएको थियो। यसैले यस नम्बरलाई त्यहाँ अशुभ मानिन्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## ओमिक्रोन भेरियन्ट धेरैजसो देशमा पुगिसकेको अनुमान

जेनेभा २९ मङ्सिर/ एएफपी

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)



अस्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसन ।

ले नयाँ कोभिड भेरियन्ट ओमिक्रोन सम्भवत: विश्वका धेरैजसो देशमा पुगिसकेको हुन सक्ने अनुमान गरेको छ। हाल विश्वका ७७ देशमा यो भेरियन्ट फैलिएको पुष्टि भएको छ । यो निकै उत्परिवर्तित भेरियन्ट भएकोले तीव्र गतिमा फैलिरहेको र अन्य धेरै देशमा पनि हुन सक्ने डब्ल्युएचओ प्रमुखले बताएका छन् ।

डब्ल्युएचओका प्रमुख डा. टेड्रोस एड्हानोम गेब्रेयससले ओमिक्रोनलाई कम ठानिएकोमा चिन्ता बढेको बताएका छन्। ओमिक्रोनको फैलावट यस अघिका कुनै भेरियन्टमा नदेखिएको दरमा भइरहेको डब्ल्युएचओ प्रमुखले पत्रकारहरूलाई बताएका छन्। ओमिक्रोनले कम गम्भीर रोग निम्त्याउने भए पनि यसका खास सङ्ख्या कमजोर स्वास्थ्य प्रणालीका लागि पुन: चाप बन्न सक्ने बताएका छन्। यस भेरियन्टसँग जुझ्न कैयौं देशले बुस्टर मात्रा शुरू गर्ने बताएको अवस्थामा मङ्गलवारको पत्रकार सम्मेलनमा डा. टेड्रोसले खोप असमानताबारे आफ्ना चासो दोहोर्‍याएका छन् । उनले बुस्टर डोजले कोभिड फैलन रोक्नका लागि महत्त्वपूर्ण भूमिका खेल्ने भएपनि केलाई प्राथमिकता दिने भन्ने अहम् प्रश्न रहेको बताएका छन् ।

यस भेरियन्टलाई सबैभन्दा पहिले दक्षिण अफ्रिकामा पहिचान गरिएको थियो । यससँगै कैयौं देशहरूले दक्षिण अफ्रिका र उसका छिमेकी देशसँग यात्रा प्रतिबन्ध लगाए पनि सङ्क्रमण फैलन रोकिएको छैन ।

**अस्ट्रेलियाका प्रधानमन्त्री कोरोना भाइरसबाट सङ्क्रमित**

सिड्नी/सिन्ह्वा

अस्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसन कोरोना भाइरसबाट सङ्क्रमित भएका छन्। सार्वजनिक सम्पर्कमा रहेका बेला उनी यही मङ्गलवार सङ्क्रमित भएको अधिकारीहरूले जानकारी दिएका छन्। प्रधानमन्त्री मोरिसन यसअघि गत शुक्रवार सिडनीमैं रहेको एउटा विद्यालयको कार्यक्रममा सहभागी भएका थिए। उनीसँगै देशभरि झन्डै एक हजार नयाँ सङ्क्रमित थपिएका थिए ।

प्रधानमन्त्री मोरिसनको कार्यालयले पनि उनलाई सङ्क्रमण भएको पुष्टि गरेको छ। कार्यालयले उनको सम्पर्कमा रहेकाहरूलाई पनि सतर्क रहन र कोरोना परीक्षण गर्न आह्वान गरेको छ । सिडनीलगायत अन्य शहरहरूमा कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन भेटिएकै बेला प्रधानमन्त्री पनि सङ्क्रमित भएका हुन् ।

अस्ट्रेलियामा पछिल्लो एक दिनमा एक हजार ३६० जनामा सङ्क्रमण पुष्टि भएको अधिकारीहरूले जनाएका छन् । अघिल्लो दिनभन्दा सङ्क्रमितको सङ्ख्या धेरै बढेको हो । अघिल्लो दिन ८०४ नयाँ सङ्क्रमित थपिएका थिए ।

**अमेरिकामा कोभिड-१९ बाट आठ लाखजनाको मृत्यु**

न्यूयोर्क/सिन्ह्वा

संयुक्त राज्य अमेरिकामा कोभिड–१९ बाट मृत्यु हुनेको सङ्ख्या ८ लाख नाघेको जोन हप्किन्स विश्वविद्यालयको तथ्याङ्कमा उल्लेख छ । यहाँ यो भाइरसबाट मृत्यु हुनेको सङ्ख्या मङ्गलवार ८ लाख नाघेको यहाँका स्वास्थ्य अधिकरीहरूले पनि स्पष्ट गरेका छन् । मङ्गलवार यहाँ यो भाइरसबाट मृत्यु हुनेको सङ्ख्या ८ लाख २६६ पुगेको सो विश्वविद्यालयको तथ्याङ्कमा बताइएको छ ।

यसरी अमेरिका यो सङ्क्रमणबाट सबैभन्दा बढी ज्यान जाने देशमा पर्दछ। विश्वमा सबैभन्दा बढी प्रभावित अमेरिका छ भने अमेरिकाभित्र भने क्यालिफोर्निया सबैभन्दा बढी प्रभावित हो । क्यालिफोर्निया अमेरिकाको सबैभन्दा बढी प्रभावित राज्य हो र यहाँका ७५ हजार ४५५ जनाको यो सङ्क्रमणबाट ज्यान गएको पनि सो समाचारमा जनाइएको छ ।

त्यसपछि सबैभन्दा बढी प्रभावित टेक्सासमा ७४ हजारभन्दा बढीको ज्यान गएको छ । त्यसपछि बढी प्रभावित राज्यमा फ्लोरिडा पर्दछ। यहाँका ६२ हजारभन्दा बढी मानिसको ज्यान गएको छ । त्यसैगरी न्यूयोर्कमा भने ५८ हजारजनाभन्दा बढीको ज्यान गएको समाचारमा जनाइएको छ । प्राप्त समाचारमा विश्वमा यस सङ्क्रमणबाट भएको मृत्युको १५ प्रतिशत अमेरिकामा मात्र रहेको बताइएको छ । त्यसैगरी, विश्वका सङ्क्रमितहरूको १८ प्रतिशत यहाँ रहेको पनि बताइएको छ ।

त्यस्तै, हालसम्म कोरोना भाइरसबाट सङ्क्रमित हुनेको सङ्ख्या ५ करोडभन्दा पनि भन्दा बढी पुगेको सो तथ्याङ्कमा जनाइएको छ। अमेरिकामा गएको करीब दुई महीनायता कोभिड सङ्क्रमण घट्ने क्रममा रहेकोमा पछिल्ला दुई हप्तामा दैनिक सङ्क्रमितको सङ्ख्या बढ्न थालेको देखिन्छ। अमेरिकामा खासगरी भरमोन्ट, न्यू ह्यामशायर र मिचिगन जस्ता चीसो क्षेत्रमा सङ्क्रमित बढ्न थालेका यहाँका स्वास्थ्य अधिकारीहरूले जानकारी दिएका छन् ।

अधिकारीहरूले अस्पताल भर्ना हुने सङ्क्रमितको सङ्ख्या पनि बढ्न थालेको जनाएका छन् । नोभेम्बरको अन्त्यमा अस्पताल भर्ना हुने कोभिड सङ्क्रमितको सङ्ख्या २० प्रतिशतले बढेको बताइएको छ । अमेरिकामा डेल्टा भेरियन्ट नै सबैभन्दा बढी सङ्क्रमणको प्रमुख कारण बनेको अधिकारीहरूले बताएका छन् । उता यहाँ नयाँ ओमिक्रोन भेरियन्ट फैलिने क्रम पनि जारी छ ।

यहाँ पनि प्रत्येक दिन नयाँ ओमिक्रोन भेरियन्टका सङ्क्रमितहरू थपिँदै गएका छन्। अमेरिकाको रोग नियन्त्रण तथा रोकथाम केन्द्रका अनुसार यहाँ ९९ प्रतिशत डेल्टा भेरियन्टका कारण सङ्क्रमित छन् । रासस

## हाइटीमा ग्याँस ट्रक विस्फोट ६२ जनाको मृत्यु

क्याप-हाइटियन, २९ मङ्सिर/एएफपी

हाइटीमा मङ्गलवार भएको ठूलो ग्याँस ट्रक विस्फोटमा परी कम्तीमा ६२ जनाको मृत्यु भएको छ। गरीबीले ग्रस्त क्यारिबियन यस राष्ट्रको राजधानी हाइटीको दोस्रो शहर क्याप-हाइटियनमा सो विस्फोट भएको हो । प्रधानमन्त्री एरियल हेनरीले घटनास्थलको भ्रमण गर्नुका साथै स्थानीय अस्पतालमा दर्जनौं घाइतेसँग भेटघाट गरेको बताइएको छ।

त्रासदीको सामना र यस दुर्घटनामा परेकाका लागि मदत गर्न आपत्कालीन कोषहरू खर्च गरिने उनले ट्वीटमार्फत घोषणा गरेका छन्। विष्फोटमा वरपरका भवनहरू जलेर नष्ट भएका छन् । घटनास्थलमा भीड जम्मा भएका, केही मृतकहरूको शरीर झोलामा राखी सडकमा छोडिएका बताइएको छ ।

"हामीले अहिलेसम्म ६२ जनाको मृत्यु भएको गन्ती गरेका छौं," डेपुटी मेयर प्याट्रिक अल्मोनोरले भनेका छन् ।



दुर्घटनामा शरीर जलेका पीडित । तस्वीर: एपी

सरकारी अधिकारीहरूले नजीकैका भवनहरूमा पीडितहरूको खोजी भइरहेको बताएका छन्। कैयौं मानिसलाई जिउँदो जलेको देखेको अल्मोनोरले एक डरलाग्दो दृश्यको वर्णन गर्दै जलेका ती व्यक्तिहरूको पहिचान गर्न असम्भव भएको पनि बताएका छन् ।

मोटरसाइकल र ट्याक्सीलाई जोगाउने क्रममा चालकले नियन्त्रण गुमाएपछि ट्रक पल्टिएको अनुमान गरिएको छ। हाइटीको नागरिक सुरक्षा विभागले ट्रक दुर्घटना भएको पुष्टि गरेको छ । रासस

व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता तथा सम्बन्धविच्छेद समयमैं सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।

**वीरगंज महानगरपालिका**

## चार्टर्ड एकाउन्टेन्ट्स र हेभी इक्विपमेन्टबीच सहकार्यको समझदारी

प्रस, वीरगंज, २९ मङ्सिर/

लेखा व्यवसायीहरूको संस्था नेपाल चार्टर्ड एकाउन्टेन्ट्स सङ्घ र हेभी इक्विपमेन्ट व्यवसायी महासङ्घबीच सहकार्य सम्बन्धी समझदारी भएको छ। दुवै संस्थाले पारस्परिक लाभकारी रणनीतिक गठबन्धन स्थापना गर्न, ज्ञान आदानप्रदान, तालीम, अनुसन्धान, नीतिगत परामर्शमा सहकार्य गर्न समझदारी गरेका हुन् ।

समझदारीपत्रमा बुधवार एक्यानका अध्यक्ष आनन्दराज शर्मा वाग्ले र महासङ्घका अध्यक्ष प्रेम श्रेष्ठले हस्ताक्षर गरेका हुन् ।




तस्वीर: प्रतीक

समझदारी अनुसार दुवै संस्थाले वित्तीय नीति र प्रक्रियामा विभिन्न सरोकारवालासँग सहकार्य र संयुक्तरूपमा लबी गर्ने र दुवै पक्षलाई फाइदा हुने अनुकूल वातावरण सिर्जना गर्नेतर्फ मिलेर काम गर्नेछन् ।

प्रशिक्षण, गोष्ठी, सम्मेलन जस्ता कार्यक्रम संयुक्तरूपमा आयोजना गर्ने, महासङ्घ र मातहतका जिल्लास्तरमा गठित विभिन्न समितिमा आवश्यकता अनुसार एक्यानको प्रतिनिधित्व गर्न पदेन सदस्य रहने व्यवस्था मिलाउने, दुवै संस्थाका प्रदेश तहका कार्यालय र समितिबीच समन्वय गरी आपसी समझदारी र सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने समझदारीपत्रमा उल्लेख छ ।

दुई वर्षका लागि गरिएको समझदारी अन्तर्गत एक्यानले महासङ्घका सदस्यलाई विषयगत तालीम पनि उपलब्ध गराउनेछ।

महासङ्घका अध्यक्ष श्रेष्ठले महासङ्घमा आबद्ध ३६ जिल्लाका १० हजारभन्दा बढी सदस्यले चार्टर्ड एकाउन्टेन्टहरूको विज्ञतामा आधारित सरसल्लाहबाट प्रभावकारी व्यावसायिक योजना बनाएर अघि बढ्न सक्ने विश्वास व्यक्त गरे भने एक्यानका अध्यक्ष वाग्लेले आफ्ना सदस्यहरूको विज्ञताबाट हेभी इक्विपमेन्ट व्यवसायीहरू लाभान्वित हुन सकून् भन्ने उद्देश्यले नै सहकार्य गरेको बताए ।

## पुन: मतगणना हुँदा वडाध्यक्षमा मल्ल एक मतले विजयी

मान्म, २९ मङ्सिर/रासस

विसं २०७४ मा भएको स्थानीय तहको निर्वाचनमा खाँडाचक्र नगरपालिका–७ को वडाध्यक्षमा रजबहादुर मल्ल पुन: एक मतले विजयी भएका छन् । स्थानीय तहको निर्वाचन २०७४ जेठ ५ गते भएको मतगणनामा मल्लका प्रतिद्वन्द्वी दीपक कार्कीले मतगणनामा चित्त नबुझेको भन्दै अदालतमा मुद्दा दायर गरेका थिए ।

नेकपा एमालेको सूर्य चिह्नबाट विजयी भएका मल्लले कुल खसेको २९६ मतमध्ये १४२ मत पाएका थिए भने माओवादीको हँसिया हतौडा चिह्नबाट निर्वाचनमा लडेका कार्कीले १४१ मत पाएका थिए। कार्कीले मतपरिमाण चित्त नबुझेको भन्दै जिल्ला अदालत कालीकोटमा मुद्दा दायर गरेका थिए । जिल्ला अदालत कालीकोटले मल्लको पक्षमा नै फैसला गरेपछि कार्कीले उच्च अदालत जुम्लामा मुद्दा दायर गरेका थिए।

जिल्ला अदालत कालीकोटले सोही गणनालाई सदर गर्ने फैसला गरेको भएपनि उच्च अदालत जुम्लाले पुन: मतगणना गर्न आदेश दिएको र आज पुन: मतगणना गर्दा मल्ल एक मतले विजयी भएको जिल्ला निर्वाचन कार्यालय, कालीकोटका प्रमुख धनबहादुर मल्लले बताए। मतगणनामा १३ मत बदर भएको पुन: मतगणना हुँदा दलित महिलातर्फको उम्मेदवार रहेकी कुजी विकले पहिलेको भन्दा एक मत बढी पाएको कार्यालयका प्रमुख मल्लले जानकारी दिए। "विकले पहिले मतगणना हुँदा १३७ मत पाएका थिए। अहिलेको गणनामा थप एक मत पाएर १३८ मत पुगेको छ," उनले भने, "माओवादी केन्द्रकी दलित महिलातर्फको उम्मेदवार दाना विकले १३५ मत पाउनुभएको छ ।" स्थानीय निर्वाचन भएको झन्डै पाँच वर्ष पुग्न लाग्दा पुन: मतगणना गरिएको हो ।

## नाबालिकासँग करणी गरेको कसूरमा युवक पक्राउ

प्रस, वीरगंज, २९ मङ्सिर/

१६ वर्षीया नाबालिकासँग करणी गरेको कसूरमा जिल्ला प्रहरी कार्यालय, पर्साले १९ वर्षीय युवकलाई पक्राउ गरेको छ ।

जिप्रका, पर्साले मङ्सिर २३ देखि २६ गतेसम्म युवकले ललाइफकाइ, अनुचित लाभको प्रलोभन र विवाह गर्ने भनेर नाबालिकालाई बहुदरमाई नगरपालिका–४ डकैलामा दिदीको घरमा राखेर तीन दिनसम्म करणी गरेको नाबालिकाका अभिभावकले आरोप लगाएको जनाएको छ ।

अभिभावकले हिजो उजूरी दिएको आधारमा हिजै युवकलाई वीरगंज महानगरपालिका–१६ बाट पक्राउ गरी निजमाथि जबरजस्ती करणीको मुद्दा दायर गरिएको पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले बताए ।



**आयुर्वेदको चमत्कार**

इच्छा अनुसार छोरा-छोरी प्राप्त हुने !
लिखित प्रतिबद्धता !!
**सहयोगी:**
**बैद्य सूर्यमान श्रेष्ठ**
मो. ९८६९३७७४७७, ९८०५९२७०३३

**आजको राशिफल**

| | |
|---|---|
| मेष – अन्नलाभ | वृष – अलमल |
| मिथुन – धनलाभ | कर्कट – सफलता |
| सिंह – राज्यलाभ | कन्या – रोगभय |
| तुला – व्यापारवृद्धि | वृश्चिक – शत्रुपराजय |
| धनु – ज्ञानोदय | मकर – भयचिन्ता |
| कुम्भ – मित्रमिलन | मीन – अतिथिआगमन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

## बिजुलपुरा–बर्दिवास खण्डमा जग्गाको मुआवजा निर्धारण

काठमाडौं, २९ मङ्सिर/रासस

भारत सरकारले निर्माण गर्ने जयनगर–बर्दिवास रेलमार्ग अन्तर्गत बिजुलपुरा–बर्दिवास खण्डमा जग्गाको मुआवजा निर्धारण सकिएको छ। भारत सरकारले धनुषा जिल्लाको कुर्थाबाट महोत्तरीको बिजुलपुरासम्म रेलमार्ग निर्माण गरिरहँदा त्योभन्दा अगाडिको खण्डमा पनि निर्माणस्थल खाली गरिएको हो । पहिले बिजुलपुरादेखि बर्दिवास खण्डमा जग्गाप्राप्तिको समस्या रहेको रेल विभागका महानिर्देशक दीपककुमार भट्टराईले बताए ।

अहिले जग्गाको मूल्य निर्धारण भइसकेको थियो । बर्दिवास स्टेशनको जग्गाप्राप्ति गरिएको उनले बताए। उनले भने, "जग्गाको मुआवजा निर्धारण भएको छ, अब जग्गा छुट्याउनुपर्छ ।" विभागले जग्गा छुट्याइरहँदा भारतीय पक्षले ट्र्याक बनाउने तयारी गरेको छ। जिल्ला प्रशासन कार्यालयमा रहेको मुआवजा निर्धारणसम्बन्धी समितिले जग्गाको मुआवजा निर्धारण गरेको हो।

सरकारले भारत सरकारसँग एक दशक पहिले गरेको सम्झौता अनुसार सो रेलमार्ग निर्माण अघि बढेको छ। भारतको जयनगरदेखि धनुषाको कुर्थासम्म रेलमार्ग निर्माण दुई वर्ष पहिले नै सम्पन्न भएको थियो । सरकारले गत वर्ष नै सो मार्गमा चलाउनका लागि रेल सेट खरीद गरेको थियो । भारतको जयनगरबाट धनुषाको कुर्थासम्म ३५ किलोमिटर लम्बाइको यो रेलमार्ग बिजुलपुरा हुँदै बर्दिवाससम्म विस्तार हुनेछ। कुर्थाबाट बिजुलपुरा खण्ड १७ किलोमिटरसमेत गरेर जयनगर–बिजुलपुरा ५२ किलोमिटर रहेको छ ।

जनकपुर–कुर्था रेलमार्ग निर्माणका लागि सरकारले भारत सरकारसँग सन् २०१० मा सम्झौता गरेको थियो। त्यसको एक/डेढ वर्षपछिबाट काम शुरू भएको थियो । भारत सरकारको आर्थिक र प्राविधिक सहयोगमा सीमा क्षेत्रमा पाँच स्थानमा रेलमार्ग निर्माण शुरु भएको थियो। तीमध्ये जयनगर–कुर्था र विराटनगर–जोगबनीबाहेक अरू तीन स्थानमा निर्माणको काम शुरू हुन सकेको छैन ।

## वीरगंज महानगरपालिकाको सूचना

जिल्ला पर्सा, वीरगंज महानगरपालिका–३ स्थित श्री मदरल्यान्ड इङ्लिश बोर्डिङ स्कूल, वीरगंज–३, पर्साको नाम परिवर्तन भई श्री ग्लोबल बिजनेश स्कूल वीरगंज, वीरगंज–११ पर्सा कायम गर्न माग भई आएकोले माग अनुसारको कारबाई अगाडि बढाउनुपर्ने भएकोले उक्त विद्यालयउपर कुनै व्यक्ति वा संस्थाको कुनै प्रकारको हकदाबी भएमा आवश्यक प्रमाणसहित शैक्षिक प्रशासन महाशाखामा दाबी गर्नुहुन यो ३५ दिने सूचना सम्प्रेषण गरिएको छ ।

# वीरगंजमा रु ५५ करोडको गोकुल अपार्टमेन्टको निर्माण शुरू

राधेश्याम पटेल, वीरगंज, २९ मङ्सिर/

वीरगंजमा रु ५५ करोड लागतमा अर्को सुविधासम्पन्न अपार्टमेन्टको निर्माण कार्य शुरू भएको छ । घण्टाघरको पश्चिमपट्टि पानगल्ली क्षेत्रमा गोकुल अपार्टमेन्टको निर्माण कार्य शुरू भएको हो । वीरगंजका व्यवसायी शुभम रूँगटा र अन्य केही लगानीकर्ताको संयुक्त लगानीमा यो अपार्टमेन्टको निर्माण कार्य शुरू भएको हो । अढाई महीनाअगाडि अपार्टमेन्ट निर्माण गर्ने ठेक्का पाएको हिमालय बिल्डर्स एन्ड इन्जिनीयर्स, काठमाडौंसँग सम्झौता भई डिसेम्बर १४ देखि निर्माण कार्य शुरू गरिएको बिल्डर्सका प्रोजेक्ट इन्जिनीयर अमरेश तिवारीले जानकारी गराए ।



अपार्टमेन्टको निर्माणस्थल । तस्वीरः प्रतीक

करीब ८ कट्ठा जग्गामध्ये ७ कट्ठामा निर्माण हुने यो अपार्टमेन्ट १३ तलाको हुनेछ । अपार्टमेन्टको भुइँतला मात्र १ हजार ३४ वर्गमिटर रहने जनाइएको छ । २० महीनामा निर्माण सम्पन्न गरिने उक्त अपार्टमेन्टमा ४२ वटा फ्ल्याट हुनेछ ।

त्यसैगरी, अपार्टमेन्टको भुइँतलामा ३५ वर्गमिटर क्षेत्रफलको स्वीमिङ पुल, चारवटा पसल, पार्किङ, सैलुन, मन्दिर, लिफ्ट, कम्युनिटी हल र क्लब हाउसलगायत रहनेछ भने अपार्टमेन्टको वरपर बाटो र बगैंचा तथा आगलागी नियन्त्रणका लागि अग्निनियन्त्रण उपकरण जडान गरिनेछ ।

अपार्टमेन्टको ११औं देखि १३औं तलासम्म दुई तलाको एउटा फ्ल्याट बन्ने र सो फ्ल्याट पेन्ट हाउस प्रकृतिको हुने इन्जिनीयर तिवारीले बताए । कुन फ्ल्याट कतिमा बिक्री गर्ने टुङ्गो नलागेको लगानीकर्ताहरूले बताएका छन् ।

# घरेलु मदिरा बरामद गरी नष्ट

प्रस, वीरगंज, २९ मङ्सिर/

जगरनाथपुर गाउँपालिकाबाट प्रहरीले घरेलु मदिरा र मोटरसाइकल बरामद गरेको छ ।

सशस्त्र प्रहरी बोर्डर आउटपोस्ट भिखमपुरका सशस्त्र प्रहरी निरीक्षक निरञ्जन कार्की नेतृत्वको टोलीले जगरनाथपुर गापा-४ हरपुरबाट मोटरसाइकलमा लोड ८० लिटर घरेलु मदिरा बरामद गरेको बताइएको छ । सशस्त्र प्रहरीलाई देख्नासाथ मोटरसाइकल चालक फरार भएका थिए । बरामद घरेलु मदिरा सरोकारवालाको रोहबरमा नष्ट गरिएको र मोटरसाइकल वीरगंज भन्सार कार्यालय चलान गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।

## जनमत पार्टीको 'बुथ-बुथ' अभियान

प्रस, जनकपुरधाम, २९ मङ्सिर/

डा सिके राउत नेतृत्वको जनमत पार्टीले 'बुथ-बुथ मजबूत' अभियान चलाउने निर्णय गरेको छ । ढल्केबरमा मङ्गलवारदेखि शुरू भएको सो पार्टीको केन्द्रीय विस्तारित बैठकमा बुधवार उक्त निर्णय भएको हो ।

पार्टी अध्यक्ष डा राउतले अभियानबारे बैठकमा प्रकाश पारेका थिए । पार्टीलाई बुथस्तरबाटै मजबूत बनाउन 'बुथ-बुथ मजबूत' अभियान चलाउने निर्णय भएको जनमत पार्टीले जनाएको छ । राजनीतिक एकाइहरूमध्ये बुथ नै आधारस्तम्भ भएकोले बुथस्तबाटै सङ्गठनलाई मजबूत पार्न अभियान शुरू गर्नुपर्ने डा राउतले बैठकमा बताएका थिए ।

अभियानको लोगोमा सिंहको चित्र राखिएको छ । केही दिन पहिले पनि अध्यक्ष डा राउतले मेचीदेखि महाकालीसम्म 'जनमत माटो यात्रा' सम्पन्न गरेका थिए । मधेसका सबै जिल्लाको माटो सङ्कलन गरेका उनले मधेस एकता उद्यान निर्माण गरिने बैठकमा जानकारी दिएका थिए ।


## जाडोबाट बच्न निम्न उपायहरू अवलम्बन गरौं ।

- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मसाज गरौं,
- शारीरिक व्यायाम गरौं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा अशक्त व्यक्ति सकेसम्म चीसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड







## महानगरद्वारा ........

शिक्षक, शिवशङ्कर गुप्ता, लक्ष्मण यादव, प्रेम साह, लेखापाल दीपेन्द्र साह, अवधेश पाण्डे र कार्यालय सहयोगी गरी आठजनालाई सो विद्यालयबाट सरुवा गरिएको छ ।

त्यसैगरी, प्राथमिक विद्यालयहरूमा पठनपाठन राम्ररी गराउन नसक्ने प्रअहरूको सरुवा गरिएको छ भने अपायक परेका शिक्षकहरूको निवेदनउपर पनि विभिन्न चरणमा छलफल गरी निर्णय भएको नेपाल शिक्षक महासङ्घ, वीरगंज महानगर कमिटीका अध्यक्ष विनोद मेहताले बताए । वीरगंजका ३२ वटा वडामा प्रावि, निमावि र मावि गरी ९९ वटा विद्यालयमा करीब आठ सय शिक्षक कार्यरत रहेकामा विभिन्न ठाउँका विद्यालयका अभिभावक, विद्यार्थी र अगुवाहरूको निवेदन र गुनासोमाथि मध्यनजर गर्दै विद्यालयलाई राम्रो पठनपाठनको थलो बनाउन यस्तो कदम चालिएको शिक्षा समितिका सदस्यहरूले बताएका छन् । शिक्षा समितिका अध्यक्ष एवं वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीको अध्यक्षतामा बसेको बैठकमा नेपाल शिक्षक महासङ्घ महानगर समिति अध्यक्ष मेहता, विनोद गिरी, हरिन्द्र चौरसिया, वडाध्यक्ष प्रद्युम्न सेढाई, कार्यपालिका सदस्य मनोजा चौधरी, प्रअ अनिल वर्णवाल, विद्यालय व्यवस्थापन समितिको तर्फबाट प्रदीप केडियालगायत शिक्षा समितिको सदस्यमा रहेका छन् ।

# खेलकूदको संसार

## ग्रासरूट फूटबल : नेरामावि, बकुलिया फाइनलमा

प्रस, जीतपुर, २९ मङ्सिर/

सिमरामा जारी ग्रासरूट फूटबल प्रतियोगिता अन्तर्गत बुधवार भएको पहिलो सेमिफाइनल खेलमा नेपाल राष्ट्रिय मावि,



तस्वीरः सौजन्य

अमलेखगंजलाई पराजित गर्दै नेपाल राष्ट्रिय मावि, बकुलिया प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।

सिमरा रङ्गशालामा आज भएको पहिलो सेमिफाइनल खेलमा नेरामावि, अमलेखगंजलाई शून्यका विरुद्ध दुई गोल न्तरले पराजित गर्दै नेरामावि, बकुलिया प्रतियोगिताको फाइनलमा प्रवेश गरेको हो ।

बकुलियाका अमिउल्लाह मियाँले खेल शुरू भएको १४औं मिनेटमा र रवीन्द्र चौधरीले मध्यान्तरपछिको छैटौं मिनेटमा एक/एक गोल गरेका थिए ।

पहिलो सेमिफाइनल खेलको 'म्यान अफ दी म्याच' बकुलियाका अमिउल्लाह घोषित भए । प्रतियोगिता अन्तर्गत भोलि बिहीवार दोस्रो तथा अन्तिम सेमिफाइनल राष्ट्रिय विभूति शिक्षा सदन, डुमरवाना र लोटस एकेडेमी, सिमराबीच हुने प्रतियोगिता संयोजक सोनु क्षेत्रीले बताए ।

## पोखरामा पहिलोपटक शहीद स्मारक 'ए' डिभिजन लिगका खेल

कास्की, २९ मङ्सिर/रासस

शहीद स्मारक 'ए' डिभिजन फूटबल लिगको इतिहासमा पहिलोपटक पोखरामा लिगका खेल सञ्चालन हुँदैछन् । विसं २०११ देखि नेपालमा शहीद स्मारक लिग शुरू भएकामा पहिलोपटक मोफसलले लिग आयोजनाको अवसर पाएको छ ।

लिग शुरू भएको ६७ वर्षपछि मनाङ मर्स्याङ्दी क्लबको अग्रसरतामा पोखराले लिगको आतिथ्य गर्ने मौका पाएको हो । पोखरा रङ्गशालालाई मनाङले 'होम ग्राउन्ड' बनाएपछि उसले खेल्ने तीन खेल यहाँ सञ्चालन हुनेछन् ।

अखिल नेपाल फूटबल सङ्घ(एन्फा)ले राजधानी काठमाडौंमा जारी 'कतार एवरवेज शहीद स्मारक 'ए' डिभिजन लिग'को चौथो चरणका खेल समाप्तिपछि मनाङका तीन खेल यहाँ आयोजना हुन लागेको जनाएको छ ।

लिग निर्देशक सञ्जीव मिश्रका अनुसार पाँचौं चरणमा आगामी पुस ३ गते मनाङ मर्स्याङ्दीले नेपाल पुलिस क्लबसँग पोखरा रङ्गशालामा खेल्नेछ । यसैगरी, मनाङले पुस ११ गते ब्रिगेड ब्वाइज क्लबसँग र पुस २४ गते च्यासल युथ क्लबसँग खेल्ने तालिका छ ।

पहिलो खेलका लागि दुवै टोलीका खेलाडी, एन्फा पदाधिकारी तथा लिग निर्देशक र अफिसियलको टोली पोखरा आइपुगेको छ । काठमाडौं केन्द्रित लिग यस वर्षदेखि राजधानीबाहिर आएको लिग निर्देशक मिश्रले बताए । एन्फाले आगामी दिनमा राष्ट्रिय लिगलाई देशका प्रमुख रङ्गशालामा लैजाने योजना बनाएको बताइन्छ ।

उनले भने, "यस वर्षको लिग शुरू गर्नुअघि हामीले दशरथ रङ्गशाला, च्यासल, एन्फा कम्प्लेक्स र पोखरा रङ्गशालामा खेलाउँछौं भनेका थियौं । एन्फाको चाहना र मनाङको अग्रसरतामा लिग पोखरा आएको छ । लिगलाई राष्ट्रियस्वरूप दिएर मेचीदेखि महाकालीसम्मका स्टेडियमा खेलाउने र सबैले अपनत्व लिन सकोस् भन्ने चाहना राखेका छौं ।"

'ए' डिभिजन लिगलाई एन्फाले राउन्ड रोबिनको योजना बनाए पनि कोभिड-१९ का कारण सम्भव नभएको बताइन्छ । लिगमा सहभागी १४ क्लबले एकापसमा खेल्नेछन् । हालसम्म २८ खेल दशरथ रङ्गशालामा सम्पन्न भएका छन् ।

पोखरा फूटबल रङ्गशालालाई मनाङ मर्स्याङ्दी क्लबले आफ्नो होम ग्राउन्ड बनाउन राष्ट्रिय खेलकूद परिषद् र एन्फासँग सहमति लिएको छ । मनाङले खेल्ने तीनवटै खेलका सबै खर्च उसैले बेहोर्नेछ । सोही अनुसार मनाङले क्लबसँग सहमति गरेर पोखरामा खेल्न विपक्षी टोलीलाई निम्ता गरेको लिग निर्देशक मिश्रले बताए ।

उनले भने, "एन्फाले कुनै क्लबलाई पोखरामा खेल्नुहोस् भनेर आग्रह गर्दैन । क्लबकाबीच एकापसमा सहमति भएर पोखरामा खेल्न तयार छौं भनेर सहमति बुझाएपछि एन्फाले आफ्नो खेलतालिकामा राखेको हो ।"

एन्फाले सुरुआतमा तीन खेलको तालिका पोखरामा राखे पनि आगामी दिनमा अन्य खेल पनि यही हुन सक्ने जनाएको छ । लिगको दशौं चरणपछि क्लबको नम्बर बराबर हुने अवस्थामा एउटै समयमा विभिन्न रङ्गशालामा खेलाउनुपर्ने अवस्थामा पोखरालाई पनि प्रयोग गर्न सकिने बताइन्छ ।

मनाङ मर्स्याङ्दी क्लबका उपाध्यक्ष एवं एन्फाका केन्द्रीय सदस्य विजय घलेले लिगका खेल काठमाडौं बाहिर पनि लैजाने एन्फाको योजनामा आफूहरूले साथ दिएको बताए । यसलाई पोखराबाट शुरू गर्नुपर्दछ भनेर क्लबले अग्रसरता लिएको बताए । पोखरामा मनाङका समर्थक बढी रहेको र खेल गतिविधिका कारण पोखरा खेलकूद शहर बन्दै गएकाले समेत मनाङको प्राथमिकता पोखरा रहेको उनले बताए ।

उनले भने, "पोखरामा मनाङका समर्थक पनि बढी छन्, यसका साथै नेपालको एउटा स्पोर्ट्स क्यापिटल पनि पोखरा हो । दर्शकको चाहना पनि यहाँ खेल होस् भन्ने रहेकाले हामीले छनोट गर्‍यौं ।" घलेले पोखरामा हुने खेलमा दर्शकको राम्रो साथ पाउने विश्वास लिइएको जनाए ।

एन्फाका केन्द्रीय उपाध्यक्ष उपेन्द्रमान सिंहले पोखरामा सञ्चालन हुने खेल व्यवस्थितरूपमा सम्पन्न हुने बताए । उनले फूटबललाई माया गर्ने समर्थकका लागि सुवर्ण अवसर रहेको भन्दै पर्यटन प्रवर्द्धनमा फूटबलले सघाउने बताए ।

## राष्ट्रिय क्रिकेट टोलीका चार खेलाडी कारबाईमा नयाँ कप्तानको जिम्मेवारी सन्दीपलाई

काठमाडौं, २९ मङ्सिर/रासस

नेपाल क्रिकेट सङ्घ (क्यान)ले सन्दीप लामिछानेलाई राष्ट्रिय क्रिकेट टोलीको नयाँ कप्तानमा नियुक्त गरेको छ । क्यानको बुधवार बसेको बोर्ड बैठकले नियमित कप्तान ज्ञानेन्द्र मल्लको स्थानमा सन्दीपलाई नियुक्त गरेको हो ।



क्यानले नेपाली राष्ट्रिय टोलीका कप्तान ज्ञानेन्द्र मल्ल, उपकप्तान दीपेन्द्रसिंह ऐरी, सोमपाल कामी र कमल सिंह ऐरीमाथि कारबाई गरेको छ । क्यानको अनुशासन उल्लङ्घनसम्बन्धी गठन गरेको छानबीन समितिले सिफारिश गरेबमोजिम खेलाडी आचारसंहिता उल्लङ्घन गरेको भन्दै क्यानले उनीहरूलाई सन् २०२२ को सेन्ट्रल कन्ट्र्याक्टमा सुरुआती छ महीना सहभागी नगराउने निर्णयसमेत लिएको छ । ज्ञानेन्द्र सन् २०१९ मा नेपाली क्रिकेट टोलीको कप्तानमा नियुक्त भएका थिए ।

सन्दीपले नेपाली यू-१९ राष्ट्रिय टोली हुँदै दुई फ्रेन्चाइज लिग एभरेस्ट प्रिमियर लिग (इपिएल)मा काठमाडौं किंग्स इलेभेन र पोखरा प्रिमियर लिग (पिपिएल)मा विराटनगर किंग्सको कप्तानी गरिसकेका छन् । त्यस्तै, उनले इन्डियन प्रिमियर लिग (आइपिएल)देखि बिग ब्यास लिगसम्म खेलिसकेका छन् । खेलाडीको वर्गीकरण वैज्ञानिक र व्यावहारिक नभएको भन्दै ज्ञानेन्द्र मल्लसहित केही वरिष्ठ खेलाडीको गुनासो रहेको थियो । सोही विषयलाई लिएर क्यानले खेलाडीसँग स्पष्टीकरणसमेत सोधेको थियो । खेलाडीको स्पष्टीकरण चित्तबुझ्दो नभएको र खेलाडीले आचारसंहिता उल्लङ्घन गरेको भन्दै क्यानले खेलाडीलाई कारबाई गरेको हो । त्यसैगरी, क्यानले राष्ट्रिय क्रिकेट टोलीको प्रशिक्षण आगामी पुस ६ गतेदेखि पोखरामा सञ्चालन गर्ने निर्णय गरेको छ । त्यस्तै, बैठकले नेपाल प्रशिक्षक सङ्घलाई मान्यता प्रदान गर्ने र क्यानका पूर्वउपाध्यक्ष नरेश श्रेष्ठलाई सल्लाहकार समितिको सदस्यमा चयन गर्ने निर्णयसमेत गरेको छ ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | सामुदायिक सेवा केन्द्र, श्रीपुर | ट्राफिक सचेतना | प्रहरी चौकी, रानीघाट | १०:०० |